श्री गणेशायनमः

कुंजिनी

[क]

(बाँस काटेर घर फर्कंदा गोरे राहुतले गीत गाएको)

[१]

कोल्पूको कलकल नीरमा ।
गुलाफ झाँगे तीरमा ॥
तिनको झोपड़ी !
आलू है वखडाको
मोती झैं सेता फुलफुल झर्छन् वर्वरी !

[२]

सुन· सुनका साना दाना ,
जून जूनमा झल्की नाना ।
गुन गुनको सुन्दै गाना ॥
गुड्छन् हर्घडी !
हीराका छलछल लहर ,
नचाउँछन् तीनै पहर ,
कलकलको केलि रहर
गर्छन् जलपरी !

[३]

लहरले लहर खेदी
झिल्टुङ्को पहाड फेदी
जूनेली चाँदी सेती
पहाडकी छोरी नदी
फूल फूल किनारे !
ढुंगा त्यो तरंगमा
हीरा जुहारे !
त्रिशूली भेटन भनी
हरीयो कुञ्ज मनि
रंगीला कण्ठ ध्वनि
सुन्छिन् जहाँ रे !

[४]

जंगली बाह्रमासे
माला ली फूलका हाँसे
ढुक्कुर छ सपनामा
कोल्पु किनारा !
झाड झाडी लहलह
जूनको टहटह
पालुवा चहचह
आकाशमा झल्के थोरै
रातका सितारा !

[५]

मधुरो रंगले छोई
वास्नाको तुना फोई
मुनाको आयो पोई
कोइली लिएर।
सुन्तला मुसमुस हाँसी
निदाउँदो हावा छासी
वास्ना दिएर।
जूनले लिपिन् जगत्
काम गर्दी रातमा फगत्
पहाड भरेर!

[६]

आकाशकी अप्सरा,
चाँदीको किण कुचो
फूल फूलको पहाड माथि!
अमृतको रसमा चोभी
हरीया पहाडलाई
जलप दिएर।
सुनजाइ फुल्छे जाति
हाँगामा ढुंग्री सजी
झप्प गरेर।

रंग र रोगन फुल्छ
वास्नामा वैंश झुल्छ
पीर्तिको पन्ना जगत्
मगमग भरेर !
जूनको किरणमा, आइन् झरेर।
फूलका नशा तिनमा
वसन्ती रसका बनमा,
पहाडको फुल्दो फल्दो
मोहनी तिनमा बल्दो
वारी र पारीको टूना भरेर॥

[७]

लाग्छ है मलाइ आज
यो ठाउँको सारा साज
गहना तिनलाई भनी, दिए छरेर।
कोपिला रसका छाती
गुलाफका गाला जाति,
अँध्यारो केश माथि
भँवरे नानीमा जून जून भरेर।
यो कोल्पु कलकल नीरकी
गुलाफ झाँगे तीरकी।
जून बादल कोमल शिरकी
पहाड को खोली खिड्की
कुञ्जिनी अप्सरा, हेर्छिन् नुहेर॥

लौ हेर, स्वर्ग भरी
चमचमे झल्के परी !
पृथ्वीले फूल पारिन् ज्योति दुहेर ॥

[८]

यो घाँसका डोको भारी
जानुछ पीप्पल घारी
सपना वारी पारी !
स्वर्गको फूलको वारी।
कुञ्जिनी ! मेरी प्यारी ! संझे पूजारी ॥
आजको दिनलाइ खालि
स्वर्गकी अमृत थाली
संझेर नजर हाली
हृदय मेरो सँधै, रून्छ पुकारी
कुञ्जिनी ! मेरी प्यारी ! संझें पूजारी ॥

[ख]

(गोरे कुञ्जिनीलाई पर्खेर बस्दा मनमनै गीत गाएको)

[१]

पख् ! छाती एकै छिन ता बाटो हेरौं न।
छहरे काँधमा आउँछिन् भेडा चराउन !

[२]

सुकीला बादल जस्ता ऊनका उज्याला ।
वर्षाकी जून झैं तिनी
हँसीली मुसकान बनी
चराउँछिन् नरम ऊनका जन्तु उज्याला
एक छिन ता सल्ला मनि आशा गरौं न !

[३]

छ हेर कालो केशकी
जाइमाले निधार देशकी
पहाड अप्सरा !
बाँकठे मखमल चोली
हरीयो शारी डोली
वैंशको मूर्ति भोली
वसन्त ऋतुजस्ती, गाँउछिन् वन चरा !
एक छिन त कानमा अमृत, मीठो भरौं न !

[४]

पालुवा नरम लाली
दारिमको ओठमा हाली,
वसन्त रसले पाल कोल्पु बगैंचै ।
मिर्गका ज्यूँदा आँखा
अंग छन् फुल्दा शाखा

चोलीमा कोइली लाखाँ—
सुनदाने तीरकी रानी
मिठास की फुल्दी खानी
नानीमा परी पानी
राज गर्छिन् पहाड दरवार, मखमल गलैंचे ॥
मर्मर छोडी सुन्न सल्लौ ! कान भरौं न !

[५]

उ हेर तिनी आइन् !
पीर्तिका वथान ल्याइन्
वन नाला वन्दै गाइन्, फूल पयरमा ।
फूल झुम्के कम्मरवन्दी,
लहरा मुसमुस गन्धी,
लहडको मधुर छन्दी बाँधी कमरमा ॥

———

[ग]

[गोरे र कुंजिनीको संवाद]

[१]

"पहाडकी छोरी,
हे हिउँ गोरी !
थाली थाली आँखामा मोती,
मोहनीको मन्दिरको पूजारी ।

एक बोली, वचन, पीर्तिको वरदान,
माग्न भनी जनम जनम ।
धाई आयो पयरको भिखारी ॥

[२]

"कमलको पातमा
शीतको थोपा
छिन भर झल्झल गर्ने यो जोवन,
यससँग के लाउनु मित्यारी !
मानिसकी छोरी
एकछिनको गोरी
फुलैपछि वैलाउँछन् सारा,
बरू वन्नु ईश्वरको पूजारी ।"

[३]

कोयली बोल्यो,
गुलाफर फुल्यो
पत्तीहरू झार्नेछ हावा,
वास्ना दिलको मर्दैन वैलाई !
एक हिउँद आई
तुषारो छाउला
वसन्तले डाक्ने छ सच्चा
कोयलीको स्वरले फैलाई !

[४]

"एक छिनको रंग
एक छिनको संग
संसार यस्तो असार छ भन्छन्
वैंश जान्छ विर्सेर वैलाई ।

पुतली जोवन
एक छिनको यो वन,
आँधि हुरी चम्किन्छ भन्छन्,
रूनुपर्ला भजेर मैलाई ॥"

[५]

"मुट्ठको घंट
शामको चामर,
फुल झुल्छन् मनमा मेरा,
वास्ना तिनका धूप झैं फैलाई !
जहाँ म जाऊँ
जान्नु भैं धाऊँ,
पहाड खाडी खोलाछन् मन्दिर
वनदेवी तिमी नै मैलाई ।"

[६]

"एक छिनकी वत्ती"
एक छिनकी ज्वाला,
धपक्क भै वनले वाल्यो,
धिपिक्क भै निभ्नेछु एक छिनमा ।

देखुन्जेल एक छिन,
उज्यालो भन्छन्
निभेपछि अँध्यारो होला,
वदली भै रूनेछ मन वनमा ।"

[७]

"अँध्यारो रात मा
म पसी खोजें
आँशु आँशु चम्कन्थे सारा,
तर भन्थें तिमीछौ गगनमा !
संसारको ; शून्य
तर्साउन आयो
रूपरंग छाडेर देखें ज्योति,
यौटा ननिभ्ने मन मनमा,

[८]

"फुल हो राम्रो
रंगिलो वैश
तर वास्ना पीर्तिको नामको,
वस्छ तीखा काँढाको भुवन मा ।
न दुख्ने दिललाई
किन यो घाउलाई
दुख मात्र बटुल्नु हरे !
बिझी बिझी रुनलाई छिन छिनमा !"

[९]

"जीवनको ज्योति
परेला मोती
रूनु भन्दा के हुन्छ मीठो,
पीरतिको फूलको जीवनमा । !
दिल त्यो हो सीनो
जो लिन्न छिनो
कुँदिलिन अप्सरा मूर्ति,
सर्वस्वको पर्दामा यो मनमा ।"

[१०]

"भँवरो दिल छ,
एक छिनको फूल छ
छिन भर चाख्ने हो रस,
तारीफ गरो मसीनो गुनगुन मा ।"
एक झोंका हावा
एक टुक्रा छाया
अनि हिड्छ रुलाउन,
सँधै छाती खोली दिएको जोवन मा ।"

[११]

"नानी छैं सच्चा
आँखामा हुँला
मुठु जस्तो जीवनमा प्यारी !
मलाइ राखे छातीमा एक कूना ।

फूलमा रँग झै,
औंलामा नङ झै,
तिउरी बनी पयरमा बस्छु,
सौन्दर्यको छायाको नमूना ॥"

[१२]

के रैछ हरे !
के हुँला भरे
आन्फु भन्नु हृदय नामको,
आन्फै पनि नभई चोरीने !

म रंग लिन्न,
म दिल दिन्न,
भनी चोखो दिल बनूँ भन्दै,
करमले मलाई नदिने ।
शक्तैनौ छोड्न
भँवरा जाति ?
यो फुलको छाती चोखाको चोखै ?
ईश्वरलाई लगेर अर्पिन ॥

आर्काकी भई,
गुमाई आफु,
म भन्ने पनि दिदैंनो होलाई ?
के जात हरे अरूले हरिने ॥

"स्वर्गमा बले सुनका ज्वाला,
चूलीले लाए सुनका माला,
कोल्पुले संझिन् सुनकावाला ।
भडाले आँगका फर्फर पारे,
सुकीला ऊन बादल-उज्याला ॥

छहरा गाउँछिन् पर्तिको नाला,
लालमोहर लाग्यो स्वर्गमा हेर
वचनमा तिम्रो कबूलका माला,
बिर्सियौ भने बल्नेछ ज्वाला,
दन्दन पार्ला संसार टाला ।

बसन्त बोक्छ फूलका डाला,
सुनेर हाँसे पर्वतका माला,
बेइमानी दिललाई नरकका ज्वाला,
सच्चाको दिललाई मोतीको माला ।

फूलका बन्लान महका प्याला
यो दिनलाइ कल्ले मेटेर जाला,
आउँदछन परी स्वर्गका हेर्न
निदाउँदा तिम्रा मनका चाला ।

कँजिनी भनन !
तिमीलाई राखी आँखामा सुत्छु
तिमीलाइ सँझी बिहान उठ्छु ।

कोल्पूका सुन झैं तिमीमा बुड्छु,
स्वप्न‍ँखे चरो बनेर उड्छु,
हे मेरी जीवन !

[घ]

(कुञ्जिनी ले प्रेम प्रकट गरिन् भनेर गोरेको हर्षोद्गार)

[१]

आज फुल फूल पहाड़ बने
आज फूल फूल पहाड !
नगर न गुलाफ नानी !
मेरो लाल लाल डाहाड़ ?
जीवनमा एकवार आउँछ
पीरति को चाहाड ?
मुरली मुरली ! खै खै मुरली ,
मुरली खै मेरो ! टिरलिर मुरली !

[२]

रंग मनका फूलमा फुटें , ओठ लगाएर ,
वास्ना दिलका मगमग छुटे हावा जगाएर,
कोयली को कंठ खुल्यो सुना मगाएर ,
कोल्पू देशमा पीर्ति फुली, चीसो भगाएर !
मुरली मुरली खै-खै मुरली ! मुरली खै मेरो टिरलिर मुरली ।

[३]

नाच नाच फुलपरी ! रेशम लगाएर।
झुंक झुंक हाँगा, हरि ! पन्ना मगाएर ॥
झरेका सब आँशुदाना जुहार जडाएर;
कोपिला हाँ ! खोल पाना कबूल खुलाएर !
मुरली ! मुरली खै खै मुरली ! मुरली खै मेरो टिरलिर मुरली !

[४]

पालुवाको कल्की लाऊँ
आकाश गुलाफ छाऊँ
सेतो दुभो माथि कुल्ची
आधा उडी गाऊँ
वैंशको लेऊ झीनो धनु लहराको माला।
फूलको तीखो शरको चोसो, रँगाऊ पीर्ति ज्वाला,
नील घंटीमा भरीदेऊ एकै घुट्को प्याला,
आज कसको दिलको शिकार वाण कहाँ जाला ?
पीरतिले रति जिते वाल वनका ज्वाला !
मुरली ! मुरली ! खै खै मुरली !
मुरली खै मेरो ! टिरलिर मुरली !

[५]

पहाडको दरवारमा वसन्त झिलमिल !
दक्षिणको मसालाले वन छ सबै खिलखिल !

लङ्कापारिबाट परी वतास पँखी आए !
वादलका चाँदी भुवा सौगात भनी ल्याए !
झुँके चमर रंगीचंगी डोली डोली धाए
साइपाटाका फूलका किश्ती सारा झिलिमलाए ।
कोपिला मै वेह्विएको लगन खोली हेर !
सुनका अक्षर सुनका कबूल पाइनेछन् धेर !
आज कोल्पू सुन सुन ।झलकी लहरवेली चली ।
आज शीतल छहराले जुहार बोली बोली ।
मुरली मुरली खै खै मुरली! मुरली खै मेरो टिरलिर मुरली ।

[६]

आज चुस्छु फूलको ओठमा भमरा को खाना,
आज लाउँछु छहराका जुहारमाले दाना !
आज चठ्छु कूलको हाँगा मुरलीलाई लिई ।
आज गउँछु पीर्तिगाना वनको चरोभई ।
मुरली मुरली खै खै मुरली ! मुरली खै मेरो टिरलिर मुरली ।

[७]

खुकुरीको तीखो टुप्पो रूख रूखमा लाई
वोक्रा भरी तिनको नाउँ दिन्छु बुट्टाई ।
दुख्ने छैन आज रूखलाई पीरतिको नाउँ !
विजोग भए मन ईश्वर आफ्नै छाती लाऊँ !
बसन्त को मीठो वैंशमा मलयको हावा
छोडी प्राण मर्न पाए,
आजैं दिनको गुलाफ जस्तो दुखको केको दावा ?

फिरि रहूँला वरिपरि पयरको हावा !
मुरली ! मुरली ! खै खै मुरली !
मुरली खैमेरो टिरलिर मुरली !

[६]

सुन सुन दाना टिपी कोल्पू तीरका साना
जिन्दगीलाई गीत बनाई,
गहनाले प्यारी तिंलाई, छाई दिउँला नाना !
पीरतिले आज खाला फूल फूलका खाना
पहाड दरबार भरी भरी चरीकंठे गाना !
बेली फूल झैं दिल दिल मिली दुइटा ऐकै बनी
पहाडका दुइटा जोडी
ढुक्कुर कुर्ली वनमा हामी जिउँला सँधै धनी !
मुरली ! मुरली ! खै खै मुरली !
मुरली खै मेरो टिरलिर मुरली !

'ङ'

(गोरेले कुंजिनीलाई माग्न आउँदा बाबू ठालूसिंग रिसाउँछ)

"तारा मंडल छाना तेरो
तीते फापर खांना ! भीरको सानो मकै बाँदर
हाँक्छस् निक्कै ताना !

[२]

नाक छोप्ने टालो छैन,
टोटी कालो हाँडी !

[३]

"ऐना हेरी आइज यसो
गाउँले छिमेक

ठल्लसिङ्को छोरी माग्ने   एक दामको सुर्ती छैन
स्वस्रा हात माडी   तीन लाख कूर्ती हाँकी !

[४]   [५]

जग्गा जमीन घरो छैन   हीरा चाँद पगरीको
खुर्सानीको वारी !   ठल्लसिङ् हो नाति
जैमानेको तरंगलाई   पचास जैरे पाल्न सक्छु
हिमाल जून पो पारी !   तँ होस तीते पाती !

[६]

"त्रिशूलीमा डुवी आइज, मेरी छोरी लिन।
नत्र भीरको भाललाई, जा ! जा ! मैले दीन"

[चं]

(कुंजिनी कोल्यू पारी मवाल वाट न आई ब्रुग्दा
वावुको मनमा चिन्ता उथदछ)

आज आए काला वादल, पूर्व उत्तर ढाकी
काला, गह्रुँ भरी वादल
सगर ढान्के वाल्का वादल
पहाड झर्ना पार्ने वादल, वर्षादले डाकी

[२]

अन्धकारका काला गाजल, रातलाइ रुलाई झर्ने गाजल;
छाँगा छहरा भर्ने गाजल, एक टुक्रा छ वाँकी !

छङ् छङ् गर्ला रातको छाँगो,
उर्ली आउला खोला लामो,
झर झर रोला बनको हाँगो,
कोल्पू नदी उर्ली आउलिन्, त्रिशूलीलाइ डाकी !

[३]

झिल् झिल् गर्छे कालो सगर
थर्काई थर्काई पहाड वगर,
'घर् घर्' बढाइँ गरी !

गुफा सारा गुँज्न थाले,
बच्चा काट्यो गर्जनाले
पहाड पर्वत भरी !

[४]

पूर्व उत्तर वर्ष्यौं सारा
कुइरौमंडल पानी धारा
समुन्द्र झैं झरी !

होम्फाल्दो हो खहरेले,
अन्धो वेगले झरी !

ढुंगा फेंकी परिज काटी,
चूरिएर मरी !

सूर्य डूवे 'पेडा' पारी,
चीसो वतास वेगले झारी
बनलाई थुर थुर पारी !

कोल्पू-शिरमा वर्ष्यो सगर
भेल्ले छोप्ला साङ्भगे वगर
जल धमीलो भारी !
कान्छी अझ आकी छैन, मावल गै पारी !

[६]

गरूडले नाग है लग्यो,
मुरले पर्ला झरी !
पलंकाको सागर चढ्यो
आज आकाश भरी !
झिल् झिल् ! झिल्झिल् ! झिल् झिल् झिल् झिल् !
आँखा बन्द गरी !
अन्ध्यारोले गर्जी गर्जी
पोल्ला सूँढे झरी !
कल्ले देला आज त्यल्लाई
कोल्पू नदी तारी ?
कान्छी अझ आकी छैन, मावल गै पारी !

[७]

ए ! को हँ ? कान्छी होकि ? वारको पछाडि ?
ए ! को हँ आन यता ! हेरूँ अगाडि !
[१ गजूरी पेडा ।]

[८]

हैन सिन्धु ! पहाड भन्दा, ठूला बादल छन् ।
एक डाँडा वुडाई दिने काला बादल छन् ॥

[९]

छोपी आउला मुस्ले झरो गुलाफ झाँगे भीर ।
कान्छी भने आकी छैन मनमा लाग्छ पीर ॥

[१०]

पहिलो भेल छ पहाड ठूलो गडगड छोपी आउने ।
भेट्टाएमा बाँकी कोही हुन्न जिई धाउने !
तार्छ कस्ले आज त्यसलाई कोल्यू नदी वारी ।
कान्छी अक्ष आँकी छैन मावल गै पारी !

[११]

"होइन हजुर ! भोलि आउलिन् आज बसिन बास !
साँझ परीगो झमक भै आज छैन आश !"

[१२]

"यौटी छोरी रतन मेरी पाठी तुषाराकी ,
मनमा खलबल पर्छ सिन्धु !
ओर्लिन्छिन् कि कोल्पू भनी त्रिशूलीलाई डाकी !
आँखा खान्छ अगुल्टाले झिल्-झिल्-झिल्-झिल् पारी
कान्छी भने आकी छैन आज कोल्पू वारी ।"

—***—

[छ]

[कोल्पू तीर बसेर गोरे कुंजिनीको प्रतीक्षा गर्दछ]

[१]

गोरे राहुत तीरमा बस्यो, कोल्पू नदी वारी !
एक झल्को कुंजिनीको पाएपछि बिसाऊँ भनी ,
जीवनको भारी ।

[२]

अपमानले छिया छिया मुटु आफ्नो पारी ।
कुंजिनीलाई हेरीकन जान कोल्पू पारी ॥

[३]

तरंगमा आँशु भरी बादल भन्दा काला ।
बिजूली झैं उड्न खोज्थ्यो मनमा जली ज्वाला ॥

[४]

अँधेरीले पर्वत छोई मिर्मिर भयो सारा ।
छीटा दुइचार बूँद झरे आउँदै थियो धारा ॥

[५]

कोल्पू थिइन् अहिले सम्म शान्त सरल धारा ।
बादल मात्र जाल गर्थ्यो चार तरफ सारा ॥

[६]

मिर्मिरेमा मूर्ति योटा मनुष्य झैं देखी ।
कोहोला त्यो भनी सोच्थ्यो कुंजिनी पो होकि ?

[७]

आयो गड्‌गड्‌ ठूलो भेल पहिलो ठूलो भारी।
माथि सम्म उर्ली हल्लाई पहाडको दाढी ॥

[८]

गुडगुड गर्दै कोल्पू देवी चूरिएर आइन्।
यौटा चिच्याएको आवाज यौटा तर्सिएको आवाज,
गोरे कानमा ल्याइन् ॥

[९]

पीरनिको चंख कानमा मुटु तर्साइ पर्‌यो।
चिच्याएको तीखो आवाज गोरे झट्‌पट् झर्‌यो ॥

[१०]

हाम्फाल्यो है ठूलों भेलमा मिर्मिर अँधेरीमा !
कुंजिनीलाई फेला पार्‌यो बीच भुवँरीमा ॥
पौडी ल्यायो कोल्पू वारी कोल्पू वारीतिर।
जहाँ उपर फुल्थ्यो डम्म गुलाफ झंगे भीर ॥

[११]

झ्याउ झैं चीसा केश ले तानी फूल थुंगे शरीर।
बहादुरले पौडी ल्यायो फूल थुंगे शरीर ॥

[१२]

स्याबास गोरे बहादुरलाई अप्सराको इनाम।
कुंजिनी छन् ज्यूँ दे अझ, बोकी लैजा फूलको ध्वजा,
केको निम्ति मर्नु आखिर केको तेरो विराम ?

———

[ञ]

(कुंजिनीको बाबु गोरेलाई कुंजिनी दिन मंजूर गर्दछ)

[१]

अबलाई भन्नेछैन ! करमको गति !
तैंले ज्यान बचाइ ल्याइस्,
ईश्वर हातले तैले पाइस्,
बचाएको जति !

[२]

अबलाई भन्नेछैन ! ईश्वरको हुकुम !
मेरी छोरी भन्दा अघि
झन्डै कोल्पू रिसाई लगी
हाम्रो भन्नु के छ हकि ?
दैवको छ रकम !

[३]

अबलाई भन्नेछैन आफ्नो इच्छा लागी
हामी ताक्छौं वौटाकुरा, दैव गर्छ आर्कै पूरा
मेरो भन्ने पाउँछ छुरा,
संसार कहाँ बन्यो नानी ! मेरो आफ्नो लागि !

[४]

अबलाई भन्नेछैन जे गर्द छौ गर
कुटो लिई वगैंचामा फूललाई गीत गाउँछु
परमेश्वर का भर !

चारदिन को गुँडहो अब, के भन्नु छ घर
तुषाराको निंता पाई, जानुपर्छ पर !

[५]

अबलाई भन्नेछैन
बालखको पींढी !
बनिसक्यो आफुलाई
परदेशको सींढी !

नयाँचरा आई टिपे
पीरति का गाना !
कति दिन पो बाँकी छ र ?
जिन्दगीका पाना ।

जानु नजीक भई सक्यो लिई आँशुदाना ।
तिमीहरू सुखमा भए पुग्यो मेरो खाना ॥

[भ]

(कुँजिनी सँग विहाहुने आशाले गोरे आनन्द प्रकट गर्दछु)

[१]

स्वर्ग छैन टाढा अब
पहाड टाकुरामा
कलेजी रँग हरीयो भो
मनको आँकुरामा !

[२]

श्रीपेच लगाई वल हिमाल
बादल साला बुन ।
सारा भेडा कुंजिनीका
सुनका लिन्छन् ऊन ॥

[३]

कालो झरी आयो गयो
धोई झन झन जून ।

[४]

घंटी बजाऊ पहाड मेरा ।
गूँज गुफा गुफा ।

सुखले आज धप्को लियो
स्वर्गका हे परीरुरू

जीवन चढाएको प्रीर्ति
पाउँछ आज नफा।

सुनका माला उन।

[५]

पलाँस हाल नयाँ पत्ती
हरिया ह्वौ केरा।
तारा बाल झिलमिल बत्ती
स्वर्ग पृथ्वी मेरा।

[६]

पहाडकी अप्सरालाई
हरा चामर डोल।
स्वर्गबाट टिपी स्वर
चरीकंठ खोल।

[७]

उफ्री मुटु उर्ली उर्ली
आज मनको वाडी।
विहालाई धेरै छैन
जीवनले छुनैलाग्यो
नन्दनको वारी।

[८]

वन हरियो किनी ल्याउँला,
कान्तिपुरी शारी।
मनका वाजा बज बज,
दिन आउँछ भारी॥
प्रभु जगत् शिंगारी।

[९]

दुलहीको घुम्टो भरी सिताराको झलझल।
शिगारेकी कुंजिनीलाई रेशम शारी झलमल॥
गुलाफ जस्ता लाली चढी उत्री वर्ली जाँदा।
कस्तो कबूल मनले गर्ला अनंतको बाँधा॥
हजुर, कृष्ण मोहन राधा

———

ञ

(कुंजिनी पनि खुशी बनेर सनिमा सिन्धु सँग आनन्द प्रकट गर्दछिन्)

[१]

लगाइ देऊन सानीमा ! कँवराको ट्वाक पानीमा ।
सिउर गुलाफ सानोमा ! कान्तिपुरी शारी धानीमा ॥

[२]

गाजल् लाइदेऊ सानीमा ! खुल्नेगरी आँखा नानीमा ।
तमकोसे पार त्यसै ! कान्तिपुरी शारी धानीमा ॥

[३]

कुर्कुच्चा घोटी घोटी हाँसका फूलझैं पारी ।
पाउजेब लाउन मनलाग्यो छमछम गरी भारी ॥
रेशमका राम्रा चुरी लगाइ देऊन आज ।
झुंके यारिन् झल्काऊँ भने लाग्छ मलाई लाज ॥
मखमली बाँकटे चोली मेरो खोई ?
बैंश जस्तो हरीयोमा किन बसूँ रोई ?
आज उड्न मनलाग्यो डाँफे गीत गाई ।
ढुक्कुर जस्तो कुर्लँ कुर्लँ हुन्छ मनमा आई ॥
लगाई देउन सानीमा ! कँवराको ट्वाक पानीमा ।
सिउर गुलाफ सानीमा ! कान्तिपुरी शारी धानीमा ॥

[४]

फूलले डाक्छे भँवरालाई बैंशको कचौराले।
पोशाकलाई रेशम राम्रा
अत्तर छिटी हाउभाउ गरी नाच्छे नखराले॥
रसको बैंश एकै छिनको बुझ्छ भँवराले,
आज मलाई शिंगार्नेको रहर लाग्यो सारै।
नाच् नाच् भन्छ बनको हावा कोट्याई तारंतारै॥
परखेटा भए देखि उड्थें सानीमा!
लगाइ देउन सानिमा! कँवराको ट्वाक पानीमा।
सिउर गुलाफ सानिमा कान्तिपुरी शारी धानीमा॥

[५]

ऐना लेउन सानिमा, आज हेर आँखा पानीना।
लहराले रूखको लिई फूली अंकमाल,
म ता सँधे बाँझी हुन्छु जस्तो भयो चाल॥
गुलाफको लाल मुसकान मेरा ओठमा हाल।
शयपत्रीले लगाइ छनि दुलही घुंटो जाल॥
बादलको चँदुवामा अबीर अबीर अबीर लावा!
नाच्न लागे मुजूरपंखी बनका शीतल हावा॥
कानेखुसी गर्न आयो लौन! बतास आज!
पात पातमा सुसेलेर, लाग्छ मलाई लाज!
परखेटा भएदेखि उड्थें सानिमा।
लगाइ देउन सानिमा० सिउर गुलाफ सानिमा०॥

[६]

एकै बारको बैंशे बहाड एकैबारको चाहाड !
गुलाफ नानी नलेऊ मेरो लाल लाल भई डाहाड ॥
काँढा हाम्रा झरी सके पीर्ति फुल्छ खालि,
तिम्रो भन्दा राम्रो सुबास दिउँला अतर हालि ।
मनको धोको ईश्वरले पुर्‍याइ-देलान् चाँडो,
आँशु हाम्रा जुहार होलान् मर्ला मनको काँढो ।
चखेवा र चखेवीको भेटमा स्वर्ग सुनखुन ।
बादल काटेपछि मनको आकाशमा जून जून ॥
मनको धोको कस्लाई बताऊँ एकान्तको कानमा,
हाम्रा पनि फल्लान् विन्ति देवताका थानमा !
आज जीवन फुल्छु भन्छ रँगरँग लिई राम्रा ।
सुनका प्वाँख लिई आउलान् दिन उज्याला हाम्रा ॥
छातीका आँसूका मोती माला उन !
भाग्य हाँस्छ अनारदाना सुनका बाद बुन !
लगाइ देउन सानीमा० सिउर गुलाफ० ॥

[७]

"आज तिमी बनकी रानी ह्वौली शिंगारेर ।
छम् छम् पयर पाउजेबका रेशम लतारेर ॥
केंवराको मुकुटेलाई लहरामा राज ।
दक्षिणका हावा-परी चमर डोल्लान् आज ॥

मुजूरलाई नचाउँला थोप्लेपंख फिंजाई ।
डाँफे हामी उडाउँला, इन्द्रेनीलाई गिजाई ॥
नील घंटीको गिलाँसमा बनको मधुरस ।
ओठले छोई छल्यौं तिमी लोभी दिशा दश ॥
परी घेरा लाई हामी हातेमालो नाची ।
तिमीलाई रिझाउँला झीना ,कम्बर भाँची ॥
पहाडकी अप्सराको बिहे गाना गाउँला ।
बाह्मासे गुलाफलाई ,
रंग राम्रो टिप्नलाई, तिम्रा ओठमा लाउँला ॥
जूँघे फूललाई ल्याई तिम्रो बिहागरी गाउँला ।
लहराको लगन गाँठो फूलटो बाँधी लाउँला ॥
मुरलीलाइ ओठमाथि कृष्ण आफैं बनी ।
तिंलाइ राधा बनाइदिउँला बासको बोट मनी ॥
लहरामा राधारानी बन तिनी नानी ।
गुलाफ सिउर कान्तिपुर शरी माथि धानी ।
निम्रो मनको धोको पुग्ला छोरी मेरी गोरी ,
आज लावा अबीर लिई मचाउँला होरी ।
आज तिमी वनकी रानी हौली शिगारेर ।
छम छम पाउजेव पयरकी रेशम लतारेर ॥

[ट]

(तरत्यसैवेला जर्मन को लड़ाइमा गोरेलाई जानु पर्दछ)

मुस्कानको छिटो पंख,
अड्छ कहाँ धेर ।
एकछिनलाइ स्वर्ग खुली,
बदलीलाइ नेर !
हजुर, वदलीलाइ नेर !

[२]

जुन आँखामा हाँसो चम्क्यो,
त्यसमा भरे पानी !
सुख त बिजूली झैं उड्छ,
काला हुन्छन् नानि !
हजुर, काला हुन्छन् नानि !

[३]

एक छिनलाइ गुलाफ मुस्की
पत्ती झर्छ सारा ।
सुख झैं छोटो छैन केही,
आशा जस्तो झिल्के मोही,
दुख पाटीमा प्यारा !
हजुर, संसारमा प्यारा ।

[४]

कालो बादल पश्चिम को,
सल्की गर्ज्यो सारा।
जर्मनको लडाइँ उठ्यो,
पोख्न रगत धारा।
हजुर, जगत् तर्साइ सारा।

[५]

आकाशमा उड्छ भन्थे,
पड्का खसालेर
केटा केटी तर्सी सुन्थे,
आँशु सम्हालेर,
हजुर, आँशु सम्हालेर

[६]

हाम्रो पहाड जीबन पनि,
लडाइँले छोयो !
जस्तो चट्टान किनारा को,
समुद्रको तूफान झेलले,
ठक्कर लगिको यो !
हहुर ! ठक्कर लागे को यो !

[७]

सोह्र बर्ष नाघ्ने ठिटा,
देशले सारा डाकिन् !

कुँजिनीको कुञ्ज सुखलाइ ,
घेरैं बैर आश दिलाइ,
बदलीले ढाकिन् ! हजुर, बदलीले ढाकिन् ।

[८]

परेलामा आँशु अडाई
भुल भुल मुटु पारी ,
गोरे राहुत कुँजिनी को ,
हेर्थ्यो फूलको बारी !
हजुर, हेर्थ्यो फूल बारी ।

[९]

कुंजिनीलाइ जरो आयो, ओछ्यानमा परिन् ।
भोलि जाने दिनभो राहुत
कठैबरा ! मरिन् ! हजुर ! जिउँदै कठै ! मरिन् ।

[१०]

आज राति गोरे बस्यो कुंजिनीको छेउ !
रात गयो रूदारूँदै मुटु गाँठो हुँदा हुँदै ,
सक्ने भए फोऊ । हजुर, शक्नेभए फोऊ !

[ठ]

(गोरे कुंजिनीलाई लडाइँ जानेबेलामा संझाउँछ)

[१]

भोलि जानु पर्‍यो है ज्वानी ! जानु पर्‍यो जर्मनको धावामा ।
खुकुरी भिरी, अगाडि सरी जानु पर्‍यो जर्मनको धावामा ॥

[२]

राजाको हुकुम, मर्दको रकम, हामीहरू देशका सिपाही ।
नूनको रीन, सोझो हो खुन, गर्नु पर्छ देशको लडाइँ ॥

[३]

देश हो हाम्रो, नेपाल राम्रो, आर्यभूमि हिमाल काखको ।
स्वर्ग झैं सुन्दर, धर्मको मन्दिर, जन्मन लाइ रोजामा लाखको ॥

[४]

यी हाम्री आमा पर्वत स्तनी, स्वर्गकी छन् दूधकी छाँगा ली ।
थिनको नाम, स्वर्गको धाम, राजाको हुकुम प्रजाको काम ,
हामी आयौ चिडिया जस्ता, यौटै देशका फूलका हाँगा ली ॥

[५]

कलेजा टुक टुक छुहिंदा हुन्छ, आँशु झर्छ बर्बर हावामा ।
तैपनि हामी मर्दका जाति, जानुनै पर्छ दिन वा राती ,
परेलाले आँशुलाइ बाँधी, जानु पर्‍यो जर्मनको धावामा ॥

[६]

नमाने चिन्ता, नमाने सुर्ता, मर्द लड्छ देशको लडाइँ ।
जितेमा हाम्रो बीरको नाउँ, मरेमा हाम्रो बौताको भाउ ,
मर्नेजति बीरलाई हुन्छ, अमृत प्याला स्वर्गको बढाइँ ॥

[७]

खुशीले जाउँला, यश कमाई ल्याउँला, मर्द जस्तो जूगाको तावैमा ।
भोलि तिमी छोडेर ज्यानो ! जानुपर्छ जर्मनको धावैमा !

[८]

पीर्ति नै ठूलो, जिउ हो धूलो, माटोको हो यो मूर्ति उनको ।
अर्पेको प्राण, आउँछ रे बिहान आफ्नो इच्छा स्वर्गमा सुनको ॥
उडेर जान्छ हंस रे भन्छन् परेवटा ली संसारमा हिउँ-सेतो ।
टाकुरा पारी, स्वर्गको बारी, गाना जो गर्दै मधुर भारी ,
झरेका आँशु बन्छन् रे मोती बिझेका सब काढा रे फूल-फूल ।
मरिनै गए भेट्रूँला पारी,
अमर प्रीति नन्दनको बारी मर्दैन रे मानीसको हंस रे !
आखिर हामी हाम्रै नै देशका फूलेकै एक चीजका अंश रे !

[९]

देशको हुकुम नमाने पाप मुट्छ हामी सबैलाई तावामा ।
भोलिलाई जानु छ मैले, जानु परयो जर्मनको धावामा ॥

[१०]

नेपाल बारी तिमी ह्वौ फूल, मेरो आत्मा भँवरो भुन्भुने ।
यो हंस मेरो लाएर फेरो, वरिपरि सँधैछ गुंजने ॥
सुगन्ध तिम्रो देशको जोश बीरको हो आत्माको शिंगार ।
आँखाकी बत्ती हृदय पत्ती तिमी मेरी स्वर्गकी संसार ॥
तर्वार मेरो भौं सम्भी जाग्ला रिशले भाग्ला दुश्मन डराई ।
घुँघरले करला मृटुको ध्यान आउँला कान्छी काललाइ गिज्याई ॥
मोहनी तिम्रा झल्केलान् झल्मल नेपाली खुकुरी झल्काई ।
लडाइँकी काली बनौली तिमी दुश्मनको रगत ढल्काई ॥
तस्वीर तिम्रा बैलिने छैनन् छाती भित्र लट्केर मलाइ ।

तिमी त रहे आउँला हाँस्दै बिजयको अबीर लावामा।
भोलि भने जानु छ ज्यानी जानु परयो जर्मनको धावामा॥

[११]

नरोऊ कठै ! यस्तै हो संसार संझ ठीक बिजोगे नाच जस्तो।
कस्ती हामि गरूँला भन्थ्यौ तर हरे आज भो भन् यस्तो॥
सूर्यको चोला, कीर्तिको गोला समयले साँझमा झर्दछ।
रातको बिजोग दिन भो दिनको बिजोग अनि रातमा पर्दछ॥
संसारको भोको जर्मनको धोको यसै गरी पुगलान आजलाई।
गरूँला बिहे भन्दैमा हाम्रो, दैब भो निठुर ! कर्मका भो चासो॥
घांटी घुंक्का रोकेर जान्छु, भोलीलाई बिदेशको हावामा।
भोलि जानु पर्दछ ज्यानी देश छोडी जर्मनको धावामा !
धैर्य हो धर्म, नारीको कर्म, भक्ति हो नारीको शृंगार।
पीर्ति हो मर्म, पाप हत्रोस् शर्म आज धेरी लाल आँखा नपार॥
एक बाजी फूली, पीर्तिका छाती अनि फेरी बन्दनै हुँदैन।
घाम झरी भित्र, खोलेर पत्र, पनि धेरि कोपिला हुँदैन॥
एक बाजी फेरि, सत्यबान् मरी, प्रतिज्ञता नारीले बचाइन्।
पतीले राख्दछिन् जगतको प्राण, संसार जीवनको सब पाइन्।
गयो है भनी मैमरे पनि पीति एको नर्बिस धावामा।
हंस आउला उडेर वहीं पहाडी का शीतल हावामा।
भोलि जानु, राजाको मानु जानु पर्छ जर्मनको धावामा !
नरोऊ राम्रो, अप्सरा हाम्री, आँखामा रूझी नानीमा टलपल भै।
रोएको देख्दा छातीको भल, फुट्छु भन्छ पग्लेर् जलजल भै।

फुट्दछु अलप्भएर जल,
धैर्य-बाँध नाघेर उफ्री आँखा भरी टलपल जलजल भै ॥
वैंशको बारी, फूल-सुकुमारी, चरीलाई संदेश पठाउँला ।
पहाड वनमा खवर दिन चरीलाइ भनेर पठाउँला !
कहिले कांही बादल आए खबर ल्याउणे अगुवा ।
आंशुको—भुवा संझे है मेरो एकान्त मा हेरेर मनधुवा !
एक-दुइ थोपा पछिको दिनलाई छातीमा भित्र सांचेर राखे है !
ईश्वर संझे आउँला हास्दै हर्ष भरी अवीर लावामा !
भोलिलाइ जानुछ ज्यानी जानु परयो जर्मन धावामा !
'म मर्छु' भन्छिन् 'बाँच्छिन' भन्छिन्,
कुंजिनी रोएर ।
छातीको घुँक्का आँशुमा वर्षी
शारीले छोएर ।
ओक्ष्यानवाट उचालिएकी
हातलाई समाती ।
"कसरी स्वप्ने औंशीको शून्ने ।"
—आँशुमा फुटेर ।—
"हृदय मेरो छरिन्छ प्यारा
टुक्रा भै टुटेर ॥
विहानी तारा प्राण मेरी लिन्छ
चरीले नबोल्दै !
गाडेर गए वनमा बरू—-

विहान नखुल्दै ॥"

आँखा भो पानी, दुखभो थोपा

छातीको पहाड ।

विरह बादल गर्जेर रोयो, भन्दछिन्,

"नछाड्"

जीवनको सारा सपना भयो आँशुको

निराशा ।

नखप्न शकी लुके है तारा

बिजोग कै तमाशा ॥'

पीर्तिको दिल्लाई हे निटुर दैव !

बिजोग नपार !

छटक्क पारी तरवारले कालको

छिनेर टुक् पार !

---***---

'ड'

(गोरे गएपछि कुंजिनीको विरह)

[१]

दुखकी रात गहना आँशु, केश मेरो फींजार अँधेरी !

डाँडामा निदाऊँ, बेहोशमा बिलाऊँ,

बाल्लान् चिता हिमालमा मेरो, हिउँ शरीर राखेर सवेरी !

[२]

बिहानी शास, शीतको बास लिई उड्ला आँशुको बन
साथै रून फूलको छातीमा ।
बादल जली, खरानी होली, बिरहले सल्केको जीवन
बग्न कोल्पू लहरका ताँतीमा ॥

[३]

पीतिका काँढा, राख्नेछन् डाँडा
रूँदा रूँदै झर्नेछन् पत्ती
बत्ती निभ्लान् फुलेका बनमा ।
पुतली बैंश, उडेर जाली
ढुकुर खालि बोल्नेछन् संझे
बास्ना एकबार फुलेको मनमा ॥

[४]

उज्यालो आए दुनिया खुल्ला दुनिया सब आँशु र काँढाको !
अँध्यारै देऊ, अँध्यारो मलाई आशु तारा चंचमाइ सारा
गहना झैं झिल्टुङ्का डाँडाको !

[५]

बिहानी चीसो, मुटुमा पस्यो,
काल ! आइज हातले चीसो
हिउँ पार्दै जलेको मनलाई ।
रातको जीवन, आँशुमा खस्ला
पात पातमा बनेर मोती
गहना झैं शिगार्न बनलाई ॥

[६]

पीर्तिका रंग, काँढाको संग
मलाई बेरे गुलाफले सारा
बिहानको चितामा जलाउन ।
धोबिनी चरी, नआइज फेरि
आशा जस्तो बनको हाँगा
झूठो बोली मलाई रूलाउन ॥

[७]

औंसीको गाजल लमकोसे गरी कालसँग बिहामा शिंगार ।
छुरीले गोभी रगते रूखमा एक थोपा सिंधूर देउ निधार !
कल्कीको फूल च्यातेर वुरवुर सिंउधो मेरो बिरही शिंगार !
त्यो लालपाती, रगत झैं राती !
एक झुप्पा टिपेर मेरो
चिरिएको छातीमा घुसार !
नील काटामाथि जन्मेकी राती
बिनु पातकी आकाशलता
रेशम चुरी बनाई शिंगार !
नाइको ढुंग्री, वेलीको फूली
कोल्पू तीरकी गुलाफका शीत,
एक-दुइ थोपा शिरमा झट्कार ।
नीलघंटी भित्र, कोल्पूको जल
आखिर घुट्को ओठलाई उघार ।

एक रँउ केशको, छातीमा राखी
चिरिएको छातीको चीरा !
देखाएर काललाई शिंगार !
झ्याउचीसी शीला तकिया मेरी !
शरीर आँशु-खोला झैं पसार !
अँध्यारो झर्ना झरमको रातको ,
केश मेरो त्यसैमा फिंजारा !
वैलेक कूफुल झैं पहेंलो हौला
विरहले चुसेको मुहार !
न कोही रूनु, न कोही छुनु ,.
आँखा निलुन् आँशुका घुट्का !
मलाई लगुन् पूर्वको दुआर !
वादल टुक्रा चले झैं जलूँ ,
विरहको वत्ती झैं बली
खरानी भै बिहानको संघार !
नबोलेस् बिहान ! काकको स्वरमा
उडिसक्यो छातीको जुहार ।
[८]
फुकाइ देऊ तुना, छातीको कूना,
विहानको सल्फेर आगो ,
डाह भयो हुनलाई अँगार !
हिउँको बतास, छातीमा खेलोस् ,

मुटु छोओस् हिमालले मेरो,
पाँचै प्राणमा सेतै होस् तुषार !

[९]

सनिमा मेरी ! कसरी सहूँ
आँखा मेरो देख्दैछन् अझ,
कान मेरो सुन्दैछ संसार !
विरह जरो जलाउँछ खालि
किन हरे ! लिंदैन प्राण
पँखेरू को रूलाई अंसार !"

[१०]

दुःखले चिस्लो रूझेका आँखा,
संसार रूपी झँगिलो काँढा।
ज्यादा भई पलकमा दुखभार !
मुटुको गाँठो फुक्को घुँका,
छातीलाइ उचाली आंउँथ्यो
गलामा गै रोकिन्थ्यो वरर !
सानिमा सिन्धु विधवा कठै !
देखी झर्थिन् आंखामा झरर !

[११]

आजको मुखलाई हेर्न छ दुखलाई,
गाहारो भो तिमीलाई आज !
हरि ! हरि ! दुःखिनी कुँजिनी।

आँखिको भेल, न हुन्छ मेल न ता टिपी लैजान्छ पर
अनंतको गड्गडमा कुंजिनी।
पहाडकी फूल, पीर्तिकी मूल ! जिन्दगी छ रुझेको सँधै
इन्द्रेनीका परेला दुइमनि।

[१२]

अप्सरारूपी, पीर्तिकी द्वीप, कठै ! यस्ती पहाडकी ज्योति
कुंजिनी यी सुकुमार-तनीलाई ।
सब चीज ता दियो कर्मले हरे !
रूँदैमा तर वैंश पत्ती झरे, मनको धोको, सँधै भो भोको
पारिदियो बिरह मनबाई ॥

[१३]

बसेर छेउ सानीमा सिन्धु, भिज्दा भुल भुल परेला पुछेर ।
"नमान दु:ख पछि छ सुख्ख" भन्छिन् आँशु आँखामा मुछेर ॥

[१४]

"जीवनको बाटो आँशुको डोरो
एकछिन मात्र विजोग छ नानी !
उडी आउली खोलालाई तरेर ।
विजोग भन्नु सँधैको हुन्न
चखेवीलाइ बिहान आउँछ
स्वर्ग सारा सुनौला भरेर ॥

[१५]

बिधवा हामी, कुन मुटु थामी
शिंगार सारा सेलाइ बस्छौं

[८]

(पल्टन चन्द्रगिरि पुगछन्)

[१]

चन्द्रगिरि पुगे है पल्टन्
नेपाल हरा खाल्डीमा हेरेर।
पाँच मिनट् फर्केर रोए
देश संझी नजर भरेर !

[२]

कल्की देखी खुकुरी सम्म
कान्तिपुरी उज्याली देखेर।
पहरा जस्ता रसाइ आए
टलपल आँखा वगूँ झैं भएर ॥

[३]

"यिनै सुनका यौताका मन्दिर
यिनै पहाड किल्लाका घरवार !
यिनै हरा झोलुङ्गा वीरका,
नील पन्ना लागेका घरबार ॥
यिनै घाम र छाँयाका पाटा
यही घाम झरीको संसार।
यिनै आँखा निर्धक्क गाइ
पहाड़ पाखा चरेका माइसार !

यिनै स्वर्गै दूधका छाँगा,
नागवेली झल्केका जुहार !
यही देशको मखमली चोली,
गरा गरा मैदान धनसार !
यिनै राम्रा चाँदीका चुचुरा
सुन सुन हुने दिनका दुइबार।
बिनै फुल्दा बगैंचा हरिया
नीलिएका पहाड किनार ॥
यिनै हाम्रा नीरका मन्दिर
चराहाँगे बनका घरबार !
यिनै हाम्रा नेपाली देवी
हिउँगोरा फूलका मुहार।
तोते मीठा कलीला ओठका
पहाडका पालुवा कुमार।
यहीं हाम्रा हरीयो हावा,
लहराको फुलेको फर्फर !
यिनै हाम्रा लहरे नाता,
हिमाल काँधको स्वर्गको दरबार !
यिनै निंति पखेरू उडूला !
पँखेटा ली ढाल र तरबार।
हिंड आज आँखाका भाइ !
आँशु भरी जानु छ उस पार !

[३]

हामी लाउँला स्वर्पंखे कल्की,
हामी लाउँला इन्द्रेनी पँखेटा,
हामी लाउँला आँखाका मोती
अप्सराका आँखाका जगेडा ।।

हामी जाउँला नेपालको बाटो
हामी पाँउला नेपालको हृदय ।
हामी झल्झल् झल्काउँला भाइ !
खुकुरीमा नेपालको उदय ।

हामी सारा झरूँला बर बर
नेपालका फूलका जरामा
हामी आउँला लहरे घरमा
नेपालको पर्बतको गरामा ।

विजूली झैं झिल झिल जीबन
उत्तर भज्ने प्राणको बतास !

जित्ने आँखा स्वर्गले भरी
लावा अबीर बसन्ती छरी
फेरि हुन भरीको भरी
ल्याउँला बाँकी, जितेर दुश्मन
परदेशको सुगन्ध सुबास ।।"

[४]

कसैले दिए बालकलाइ चुम्बन
कसैले मुसारे ।

कोही जोडी आँखा टलपल बनी आँशुले पुकारे !
कसैले फेंके फूलका थुंगा, कोही रोए घनन !
त्यस बेला कस्तो तमाशा होला करुणा भनन

[५]

गोरेले संझ्यो कुंजिनी गोरी-कोल्पू को किनारा !
कमलकी ।रोगन फूलको जोबन वैलेकी बेचारा !
'नछोड' भनी उठेको हात गलाको खसाली
आँशुले हेरी झरेको तल कोल्पूको ओराली !

[६]

साथीले सोध्यो आँखामा हेरी खुर्सानी दलेका !
दुखको ज्वाला बनेर लाल भएर फुलेका !
"साथीले सोध्यो, "रोएर गइन् पो आज राती क्या ?
पीर्तिको वजन परे पो जस्तो गह्रुँ छ छाती क्या ?
हलुङ्गा हामी के बुझ्छौ हरे ! छातीको तम्रो पीर !
मिर्गका आँखा लागेका जस्ता गह्रुँ छ तम्रो शिर !
लालपाते मुटु चटक्क चुँडी धावामा जानु छ ।
दिल दुख्दो होला ढुक्कुरको तम्रो !
पीर्तिको शर ! हाकठेवरा ! नदेख्ने सानु छ ॥"

[७]

"घर मेरो"भन्छ बिरही गोरे कोल्पूको कलकल तीर,
माथिको झिल्टुङ् डाँडाको पीप्पल, घारीको तारे भीर
"बैंशको धनु फूलको बाँण मुटुको चीरा छ ।
कोल्पूको तीर पँखेटा ढल्काई बसेको चरा छ ॥

[८]

पहाडकी फूल, पालुवा ओठे कोल्पूकी सुवास !
गुलाफ झाँगे तीरमा बस्छिन् वैंशकी मिठास !
"पर्वतको कालो भँवरे आँखा देख्दैनन् अरूफूल !
जसको छाती कलीलो जाति स्वर्गकी रंग बलेकी बाती
बहाडमा भिजी मूल !

[९]

तिनको मुस्कान बसेकी देखें नेपालको धररा ।
तिनको मन चोरेर बतास चलदछ, चल्दछ हरर ।
तिनको जोबन हरीयो बनी भर्दछ नेपाल ।
तिनको रोगन चढ्दछ चूली चुचुरे हिमाल ॥
बनकी तिनी शीतल छाया पहाडकी मोहिनी ।
बिहाको मैना बिजोगको ऐना बन्दछ जीवनी ।"

[१०]

"हलुङ्गा हामी न ज्यानको माया न घरका उज्याला ।
काल आए मलाइ लिएर जाला,
ज्यान दिई तम्रो, बचाउँला ज्यान,
पीर्तिका दियाला ।
नमान चिन्ता नमान सुर्ता अबीर लावामा ।
फर्काउने भारा मेरो भो साथी पहाडी हावामा ॥

[११]

रसाई आँखा आवा भन्दछ फेरि, "मानबीर गुरूङ ।
अकेला भई बन्दछ अफ, कर्मको भुरूङ ॥

तिमीलाई छेक्क छातीको गोली यो छाती चढाउँला !
नमान सुर्ता नमान चिन्ता मज्यान चढाउँला !
साथी ! म ज्यान चढाउँला।"

[१२]

पल्टन हिड्यो नजर भरी चित्लाङ्को ओरालो।
कल्की है देखि खुकुरी सम्म संझना उठी आँखामा डम्म।
नजरको धूलो, अज्ञानको फूलो आँशुले पखाली॥
चित्लाङ्को ओराली

[१३]

गोरेले देख्यो बाटमा खालि कुंजिनी झलल !
बादल को टुक्रे छाया झै पछि लागे को शीतल॥
चुल्टो झैं उनको नागबेली बाटी घुम्दथ्यो फनन।
दायाँ र बायाँ उनकै छाया नाच्दथ्यो भनन॥
सियाले केश पर्वतमा झुक्के मधुरो छाया ली।
बिरह बादल तिनमा हेर्थे गहिरो माया ली॥

—*—*—

[८]

[गोरे हिन्दुस्तान गयो अब फर्कँदैन भन्ने डरले कुंजिनीको बाबुले छोरीलाई उसँग बिहानगर भन्द छ ।]

[१]

ए कान्छी ! कान्छी ! तँकस्तो मान्छे ! लडाँइले तानेको ।
छातीमा गोली बर्षिने चरो, फर्कैर केरि आउन्नबरो,
भन्ने यो मेरो अठोटको कुरो किन न माने को ?

[२]

बादल झैं वन्छेस बादल झैं, रून्छेस,
बीरह नीली, झलीली, अँधेरी रातमा ।
आशुका दाना वर्बरी झारी बैंशका पातमा ॥

[३]

एक चरो उड्छ एक हिउँद रून्छे आपकी नँजरी ।
परेवी पनी दिल बुझाइ बस्छे गुंड खोज्छे बनचरी ॥

[४]

गएको लहर फर्कन्न बाबै ! चुहेको पसीना ।
उडेको चरो फर्कन्न बाबै ! गोलीको असीना ।

[५]

उम्केको 'दिनलाइ, सुनपंखे भनी रोएर आउँ दैन !
हिमालको चूली, सुन सुन बिजुली, सँधैलाइ छाउँदैन ॥

बसन्त बोले कोयली चरो सँधैलाई गाउँदैन ।
ए कान्छी ! कान्छी ! तँ कस्तो मान्छे ! अगाडि देखेर ॥
काल झैं कालो धागोको बाटो तँ रून्छेस् के भनेर ।
बाबुको बचन बचाउन खोज्छ तँलाइ छेकेर ॥

[६]

बिहानी पख ओर्लें झैं ओर्लिस झिल्युङ्का डाँडामा ।
गुलाबी जीवन बेकारमा किन अल्झिन्छेस काँदामा ॥

[७]

लखन लेप्टेन पहाडको ठालू छेलो र खेलो छ ।
उसको छोरो सेते छ राम्रो,
उससँग बिहा मिलाउने हाम्रो,
मनको मेलो छ ॥

[८]

असारको पन्ध्र असारे जस्ती बर्बर झरेर ।
बदली मुहार नमिल्ने पुकार के काम रोएर ?

[९]

ए कान्छी सुन्न, तँ कस्तो मान्छे ओठकी कलेटी ।
बाबीयो बाँझो बनाई केश,
बिरह जस्तो बनाई बेश,
जिद्दीको आसन बताइ बस्छेस् मारेर पलेटी ॥

[१०]

फार् बादल मनको बसन्त बनको, बन् फूल हँसीली ।
तारा का साजमा स्वर्गका माझमा, बन जून रसीली ॥

[११]

डाँडाको गुलाब हाँसै झैं हाँस्दे, हिउँदको हावा घामले छास्दे ,
कोस्पूको तीरलाइ बसन्ती बास्दे अनार दाना बन् ।
शीत थोपा छोडी हो मोती लहर, बैंशमा पुर्‍या रंगीलो रहर ,
झर्ना झैं नाँची छहर बहर, छोडिदे दुखी धुन ।
लमकोसे हरिण आँखा झै झल्की, यी मेरा कुरा सुन् ।
नखन् है आँफ्ना दातले चिहान, यी मेरा कुरा गुन् ॥

[१२]

ए कान्छी ! कान्छी ! तँकस्तो मान्छे हुन्न है हुँदैन ।
यो जिद्दी छोडे तँ सम्रिएलिस् न छोडी हुँदैन ॥

[१३]

हरलाइ मन्टो हुँदैन भन्दै, उत्तर हावा हिमालको ठंडा ।
बसन्त फूल भै फैलिनु भन्दा मंजरी झुप्पा दिल चिसो ,
शुरूमा अगाडि बढे झैं अगाडि ।

[१४]

ठालुसिङ् गए गजूरी तिर, आँखाको संसार आँसुले भरी ।
आकाश तरफ उचाल्ने गरी, काँढाका मुट्ठ शीतले भरी ॥
हा ! कठैबरी कुंजिनी परी ! लमकोसे रूलाई ।
देखेर कठै ! दिल घुक्कँ हुन्छ, आँशुले मलाई ॥

———

[त]

(कुंजिनी भने बालुका बचनले हृदय विदीर्ण भएर विष खाएर मरूझैं गर्छिन्)

[१]

होली कतै फुलेकी विष विरहिनीहरूकी संगिनी !
त्यसको होला पहेंलो रँग, साँझ पर्दा मरेको घाम झैं ॥
बैलिएका बिजोगका मुहार चन्दनले लिपेर लाने झैं ।
अस्ताएका पीरितका जीबन पहेंलपाते झरेर जाने झैं !
नबोलेर मरेका भाका पत्ती मिलाइ कालले छाने झैं ,
बैश जस्तो हरीयो बोटमा आगो फुली बिरह झाने झैं ।
शासलाई शीतल पत्ती रस प्रेमी दुखलाई छाने झैं !
पृथिवी माता दयालु बनी छोरी हाम्रा बिरह जान झैं ,
आशलाई पहेंलो अक्षत, दिनलाइ बनले माने झैं ।
अघिका पीर्तिहरूका चोट मुर्दा रँगमा फुलेर आएर ,
हामीहरू पछिका बिरहीलाइ संझे दयाले धाने झैं ।
चिता जस्ती उज्याली विष बिरहको आत्मालाइ लाने झैं ,
होली कतै फुलेकी विष बिरहिनीहरूकी संगिनी ।
निराशलाई गहना राम्री ! काँढा भिवने मुटुकी नङिनी ।
ल्याइ देउन मलाई टिपी बनबाट कालकी बहिनी !

[२]

आज भए पहाड काँढा, आजबनः पहेंलो उदास ।

आज झर्छन् बैरागी पत्ती अड्न नपाइ हिउले बतासी ॥
आज घाम रमाइलो छैन, टुटे सबै जीवन का आधार !
झरूँ झरूँ गर्दैछ जीवन शास बन्छे हिउँका संसार।
खैरो भयो हरीयो बन, खायो आज झरेर तुषोरो।
करमले काटेको खेतमा, बाँकी जीबन हिउँदको उधारो ॥
फूलहरू रंगीला गए, पुतलीको पँखेटा चढेर।
खुशी गई अबलाई परी, नङ्गा काढाहरूले भनेर ॥
बिना र पातकी दारिमको बोट, बिरह झैं काँढा ले टिङ्गी छ।
तुषाराले खाएको आँप, रसबिना झरेर नंगी छ ॥
त्रिशूलीको दक्षिणी फन्का बालुवाले चिरेर बङ्गी छ।
घाम न्यानो खोज्ने गौथली चरी कठैबरा ! गई छ परदेश ॥
भन्नु थियो त्यसलाई केही हृदयका रूझेको संदेश।
कोल्पू आज शुकेर गइन् रसबिनु टुङ्गा को जीबन !
हाँगा माथि रहेकी चरी आजभोक्री झुकेर बोल्दिन !
बाधा फुंङ्ग उडेको जीबन आधा डूबी चिहानमा तुषार।
ल्याइदेऊ मलाइ टिपीं पहेंली त्यो हिउँकी सुषार ॥

[३]

आज खान्न परीले पानी आज चारा भगेरी टिप्दिन।
अबलाई थौरे छ दिन बैलिएकी संसारमा टिक्दिन।
अबलाई फुलेर चाँदी आशोपले पहाड लिप्दिन ॥
अबलाई कोयली चरी मन चोरी सोधेर छिप्दिन।
अबलाई बसन्ती परी काँढालाइ फुलले छोप्दिन ॥

चढी आउलान् मावका झरी मरीशकी कुंजिनी भनेर ।
टाँग्न मन नभए विजोग टिपीदेऊ दयालु बने र ॥
आज राती काँप्नेछन् तारा स्वर्ग भरी चीसोले छोएर ।
आज राती काप्नेछन् तारा कुंजिनी यो डग्छेकि भनेर ॥
काल आउला हजारबार, बनखाने तुषारो बनेर ।
कोलपूका छोरी होवैनन् झूठा काल विजोग संसार भनेर ।
दयालु दिलकी सानिमा मलाइ भुङ्गो भयो भित्रको जीवन ।
दयालु भए पहेली विष बिरहकी संगिनी टिंपन ॥

[४]

ढुक्कुरले गर्‍यो विहानै गाली आँखा खोलिएर कुंजिनी भनेर ।
अँधेरीको गुफामा काल तारामनि बसेथ्यो लुकेर ।
आज राती छाया हैं नाचे आउँछन् पो लैजान भनेर ॥
चीसो फेर्‍यो तुषारे शास कालले आज कुखुरा वासीमा ।
तल ओल्र्यो कूइरे ढुङ्गो लेखघाट झरेरे ब्यासीमा ।
आज रोइ बिहानै लहरा फूल झरी बनेकी वैरागी ॥
आज मरी चूलीमा रात आँशु यौटा उज्यालो दी डाकी ।
आज मैले सपना देखें विहा गर्ने हरीयो बाँसलाई ॥
आज आँखा टुलटुली हेर्थें मूछि थियो रातीमा शासलाई ।
आज बिनु बादलका छाया मधुरोले दिनलाइ ढाक्दछ ॥
आज ढलकी झर्दछ दिन, अस्ताचलले मलाई माग्दछ ।
आज जीवन कोलपूको शिर झैं लहरीमा रोएर चलेको ॥
कसले देख्यो बिरही बन भित्र भित्रै पुत पुत जलेको ।

आज मलाई दुइचार थोपा, आज मलाइ दयाको बचन ॥
आज मलाइ गणेशको जल, आज मलाई कटै नि भनन ।
आज मलाई एक थोपा झारी पहेंली त्यो उज्याली फूलमा ।
वनबाट टिपेर ल्याइ द्यौ सुल्न देऊ सितारे फूलमा ॥
भोलि मलाइ अभागी भन्लान् रहिछ भन्लान् दुखकी बहिनी !
होली कतै फूलेकी बिष बिरहिनी हरूकी संगिनी !

[५]

आँखा खोल्दा मनमा पोलो, संझी बसे विरह खोलो छ ।
कठैबरा ! चिन्ताले चरचर कीरा लाग्ने रेशमी चोलो छ ॥
आधा यता इन्द्रेनी धनु, आँधा सँधै रहन्छ उस पारी ।
बसन्तको पुतली जीबन उडि जान्छ एक छिन शिंगारी ॥
पीर्ति बस्छ ढुक्कुरको गुँडमा छातीभुवा बिछयौना न्यानुमा ।
हामी खालि चाल्नलाई आयौं भोकै रूँदै उसपारी जानुमा ॥
सच्चालाई संसार छैन सुनको पानी खारिने चिता हो ।
बाटो हेर संसारको लामो नागबेली बिशाल फित्ता हो ॥
आँखा हाम्रा रसाउन आए दुइ बोटका दुइ राता गुराँस ।
आशा हाम्रा दारिमका मुना माटो हुन हिउंदमा उदास ॥
छोटा हाम्रा लाल ओठे मुस्कान बिहानका गुलाफी बदली ।
हर्हर जल्छ अस्ताचल चूली जीबन छ चिताको पुतली ॥
आखिरलाई अँधेरी खालि स्वर्ग पनि आँशुले झलझल छ ।
चिताएको नपुग्ने कठै ! हृदय यो सँधैको टलपल छ ॥
हाम्रा आँखा बोल्दैनन् भाषा जलेकालाई जलै छ बर्बर ।

जीवन सबै दुखका पाना, छाती तह आँशु छन् घर्घर ॥
आँशु रातको अँधेरी बासा, शीतका दाना पंखमा जडेर ।
भोलिलाई चूलीको पारी बिरहको हावामा उडेर ॥
आजलाई गुँडमा मेरो हजार दाने आँशी नै रही नि !
फुलेको होली पहेंली बिष, टिपी ल्याइदेऊ बिरह संगिनी !

[६]

संसार ढिलमा झरेर पलक, रात जस्तो अंधेरी निद्रामा ।
यौटा पात नहिल्ने गरी मूर्छा जस्तो मिर्मिरे चन्द्रामा ॥
आशु भरी संझना झलझल हिउँ जस्तो शासलाइ पारेर ।
हृदयको कमलले मेरो पीरतिको मूर्तिलाई ढाकेर ॥
झ्याउचीसी शिलाको तकिया लोल्पू नदी बगे झैं शरीर ।
बनमाथि अँधेरी जस्तो केश मेरो झर्ना झैं पारेर ॥
वैलाएकी फूलकी रोगन हात हाँगा भाँचे झैं झारेर
एक दुइ थोपा आँखाका शीत वरिपरि हवाका दाना झैं ।
आज मलाइ निदाउन देऊ सिताराको फूललाई झोरेर ॥
भन्नु गई संसारको पारी काल आई तिखैंमा मारेर ।
धेरै भयो भुटन सानिमा ! कुंजिनीले धेरै नै सही नि !
फुलेको होली पहेंली विष, बिरहिनीहरूकी सँगिनी !"

[७]

सच्चा है दिलमा गुलाबि सलमा तापको बिरह ।
जो फूल भन्छ बास्नाले फुलूँ
हावाले हाल्छ पृथ्वीको धूलो

दुख है रैछ राजामा ठूलो
आँशु नै खालि शीतल गर्ने
नत्र ता थिए सब फूल मर्ने
त्यसैले होला फूलहरू रूने कुञ्जिनि सरह।

[८]

को देख्छ कठै ! कुंजिनो हाम्रीं राम्रीमा बयानी।
दिलको ताक आशाको खाक भित्रको खरानी॥
आर्कालि भन्छ सुख दिन्छु तलाइँ आफ्नो है बाटोले।
को देख्छ कठै ! भित्रको कुरा
आँखाले पनि नदेख्ने छुरा
सियोको टुप्पो लागेको दिलमा
फुटेको मुटु बहेको भलमा आँशुको बाटोले।
हंसले त्यसै छोडेको शरीर, मुटेको माटोले॥

---***---

[थ]

(कुञ्जिनीको दयनीय दशा देखेर सानिसा सिन्धु गजूरीपेडामा बिहाछिन्न गएका बाबु चाहिनीलाइ बताउन हिंडछिन्)

[१]

नखप्न शकी नदेख्न शकी कुंजिनी बिरह।
बादल रूँदा रोए झैं फूल, कबिको फुट्दा बिरहमूल,
आँखाका तरह !

ती सिन्धु गइन् गजुरी पेंडा,
रूझेकी चरी बिजूली देखी
तर्सेकी तरह !

[२]

बाँच्दिनन् हाम्री, कुञ्जिनी राम्री बाबुको जिद्दीले !
के गर्नु हरे, पीर्तिको दिलमा स्वर्गको गद्दीले ।
पेखालाई बनाउनु गुंड दिललाई मिचेर ।
कसरी बाँच्थिन् अरूको घर,
नटिप्छिन् दाना नलाग्छ कर,
बररबर रोएर हेर्छिन् आकाशको किनारा ।
रूँदै र रूँदै शरीर खियी,
आँशुकी सानो दाना झैं भई,
अँधेरी रातको चँदुवामाथि झल्किँदी सितारा ॥

[३]

डाँडा छन् टाढा, बनका काँढा फर्कने बाटोमा ।
कसरी फिर्थिन् ती कोल्पू नदी साधारन माटोमा ।
त्रिशूलीलाई डाकेर रून्छिन् पहाडको फाटोमा ॥

[४]

खोलालाइ उल्टा फर्काउने बाबु ढिपीका ढडी छन् ।
ह्वाङ्गाङ्ग त्यसै निल्न पो आउँछन् बाघजूँधे जिद्दीछन् ।
दुइ ढुङ्ग बीचमा घुम्दछ आज, जीवनको भुँवरी ।
न यता फर्कूं न उता फर्कूं, मर्छिन कि बिचरी ॥

[४]

खँदिलो संसार तर्नेछ बाटो, राजाको पुल हाली।
करमको बाढी साङ्गो छ साँगु, लाग्दछ काहाली॥

[५]

गजूरी पैंढा पश्चिमको डेरा साँझको घेरो छ।
उकालो बाटो करमको हरे! फैसला टेढो छ॥

[६]

आजलाई छिन्लान् सेतेको बिहा, दिन छ डाँडामा।
आजलाई छिन्लान् आखिरी पर्यो, लहरे काँढामा॥
टाकुरा छिन्लान् दिनको बाटो, साँझ मर्ला फुटेर।
कालले छिन्ला कुंजिनी जीवन, रातपर्ला टुटेर॥
सूर्यको छाती छरर रर, ढर्ला है फुटेर।
रूप र रंग निभ्ला है संसार, भस्मस भुटेर।

[७]

बूढाकी प्राण आखिरी ज्यान-आंखाकी नानी छ।
बाबुको बुद्धि,—मायाकी शुद्धि, तर क्या कानी छ॥
दिलको बाटो को देख्ने कठै! आँखामा पानी छ॥

———

[थ]

(कुंजिनीको बिहा लखन लेफ्तेनको छोरा सेते सँग छिन्ने काम बहादुर खड्का का घरमा हुन्छ)

[१]

लखनको घर गजुरी-पेंडा झिंगटी छानाको ।
झ्यालमा डंडी फलामका मंडी, छेलो छ खाना को ॥
पच्चीस भैंसी दुहुना पस्छन्, आहाले तलाउमा ।
छब्बीस गोरू खेत है जोत्छन् रुलीको बोलाउमा ॥
पाकेका अम्बा छन् लटरम्म फलफूलको बगैंचा ।
केराको गाछी, आपको गाछी, ऊनका गलैंचा ॥
दूध र मही छेलो र खेलो, राजाको मान पाई ।
लखन लेप्टन बलियो माको पहाडको कहलाई ॥

[२]

बहादुर खड्का नजीकै बस्छन् दुइतले घरमा ।
छानामा बुट्टा काट्दछन् भन्दथे जंगली खरमा ॥
ढोकामा उनका लहरे बुट्टा झ्यालमा मुजुर छन् ।
माटाको सुन बनाउँथे भन्छन् ठालूका गजुर छन् ॥

[३]

कानपुरी लामो सत्रन्जा तानी रोगनका कोठामा ।
गुलाफ बुट्टे गलैंचा राखो, बिछ्यौना मोटामा ॥
कसेर तन्ना आजका लागि, सातहाते नलीमा ।—
लहराबुट्टे, तमाखु खान्छन् द्वाङपाते चीलिममा ॥

[४]

थालीमा निकै अबीर चामल दहीमा बगेको ।
ज्योतिषी पंडित् झ्यापुले कान चीना ली ऊँगेका ॥
जैसीले भन्छ "अष्टम थानमा शुक्रको दशा छ ।
होम नै गरे टरी नै जाला, अरू त खाशा छ ॥

[५]

ठोकेर मुठी ठालुसिङ् भन्छन् "ट्याट्टुम्म मिल्यो है ।
सम्घीको अब दर्शन गरे पाउमा खुल्यो है ॥"
लख्खन लेप्टेन हाँसेर भन्छ "छिन्नेकी आजै नै ।?"
ठालुसिङ् भन्छन् "ट्याम्टुम्म भैगो केको र लाजै नै!"

[६]

जैसीको निधार–दुइहातले टिपी अक्षता अबीर ।
सिंगार्न लागे ठालुसिङ् तब, बीच बीचमा थपेर ॥
भीमसेन पाती चढाई शिरमा दक्षिण टक्र्याए ।
संघीको पाउमा दर्शन गरी मोहर पक्राए ॥

[७]

आइन् है कान्छी, बिधवा मान्छे धूलोले मैली भैं ।
ठालुसिङ् भन्छन् "केखान आइस यसरी कैली भै ॥"
छिनेको देखी बिहा ती भन्छिन् अपशोच गरेर ।
"बिहा त छोरी गर्दिन् भन्छिन् मसंग रोएर ॥

[८]

"हट् ! जाजा! ग्वाङ्गी ! बुद्धिकी च्याङ्गी बिचल्न आउँछेस् ।
छिनेको बिहा देखिनस तैंले ? बल्खुमा कराउँछस्।
बोलिस् है भने तँलाइ फेरि झटा हानौंला ।
त्यो बूढी कन्या भएर बस्छे भन्ने के मानौंला ॥ ?"

[९]

"ईश्वरका" भक्त भएर मर्छु संसार हेर्दिन ।'
भन्दछिन् छोरी, "दुइ आँखा भरी बिहा त गर्दिन ॥"
"क्वै भन्छ लाटी! म बिहा गर्छु? के छाँटकी मान्छे हो
आशक छैन, ईशक छैन, बेकार की रुन्चे हो ॥
हिंड् हिंड् है बावैके काममा आइस् ?-बिदा म हुन्छुत !
यस साल फागुन हुने भो विहा पछिलाइ भन्छु त !"
ठादुसिङ् गए हाङ्गाङ्ग गर्दै सिन्धुलाइ झपारी ।
मिजाज देखी लख्खन हाँस्यो सुनदन्ते स्वाँग पारी॥

'द'

(विवाह हुनेको कुराबुजेर कुंजिनी का कलेजा छियाछिया हुन्छ)

सानिमा सिन्धु, दुखकी बन्धु, संसार बिरानो ।
छोरीका जात, आँशुका पात, इतिहास पुरानो ॥
छातीकी प्राण पहाड पारी जीबन भरी छ ।
चरारफुल उडेको कठै ! काँढाको बारी छ ॥

पहाडबाट रसाइ पानी गाउले पिउँदछन् ।
पोल्टाको आँशु घुट्काले नारी संसारमा जिउँदछन् ॥
चिरेर डाँड पलाउँछ फर्सी, पहाडका फाटामा ।
सँधैका घाउमा बछन् खोला आँशुका बाटामा ॥
लहेंला पत्ती झरेका रूखलाइ हरियो बसन्त ।
मानिसको दिललाई झरेर आशा जीवन यो अन्त ॥
काँचुली फेर्छन् सर्पले ज्यूँदै विषालु हुनाले ।
नमरी जान्न मानिसको चोला बिजोगले छुनाले ॥
शिरिरि गर्दै शिशेरे बतास काँठामा झर्दछ ।
मुटुको प्राण उमेर काँढा विजोगमा मर्दछ ॥
आशाले दिन्छे अँगालो हिमाल डुब्नलाई तयार ।
अँधेरी झर्छे जलेर आखिर दिनको पुछार ॥
परेवी खान्न व्याधाको चारा तिर्खाले मर्दछे ।
ढुकुरको पोथी मरेर जान सँगैमा बर्दछे ॥
बास्नाले लिन्छे फूलको छाती बत्ती झैं बलेर ।
अर्पेर जान्छे मात्राले प्राण पत्तीमा ठरेरा ॥
ओठमा बस्छे जीवन की लाली संग हुन खरानी ।
छाया नै लाग्छे मूर्तिकी पीछा बस् भने नमानी ॥
कोयली लाग्छे वसन्त पछि, पालुवा फागुनकी ।
एकली हुँदा चीसो भै जान्छ घाम नै आँगनको ॥
चन्द्रमा पछि लाग्दछिन् सँधै स्वर्गमा रेबती ।
सच्चा छ भने छुट्दैन भन्छन् उस पारी पीरति ॥

[२]

रचालिन् राम्रा बोल्लान् झैं आँखा रसीला उज्याला।
साउनका बादल मनिका जल झैं काला र उज्याला॥
निदाँउदी रातकी कोयली प्रश्न मधुरो बोले झैं।
लहर यसो कोल्पूकी फर्की पहाडमा हेरे झैं॥
निशाकी चरी ती कठैबरी।
आखिरी नजर आश थोरै राखी आँशु ले भरे झैं॥

[३]

सिन्धुका आंखा आँखालाइ देखी रसाए सरर!
बोलिनन् सिन्धु, बोलिनन् इन्दु, दुइ भए वरर!

[४]

सिंधु ले हालिन् अँगालो इवाम्म घुक्वा नै नथामी।
गलामा गला मिलेर रोए आशु नै नथामी॥
ती दुखी दुइ प्राणी!
बोलिनन् सिंधु, बोलिनन् इन्दु, वाह भइन् बिरामी!
छातीको छाती बिसारसी जाँदा बिजोगले हरामी!

[५]

आखिरमा फुटिन् टुटेकी भाषा चिरिइ चिरिई।
पुछेर आँशु, फर्फराइ ओठ, भरिई भरिई॥

[६]

सिन्धुले बोलिन् पहिलो बाजी 'बिरही बन चरी!
छातीको काँढ पखेटा मनि लुलेकी बिचरी।'

[७]

पुछेर आँखा पाएर भाषा, भन्दछिन् सिन्धुले।
'छिनियो बिहा हिजो नै छोरी ? हक् चिम्लिन इन्दुले
जसरी कोही ब्याधाको हातको बहाइ आँखामा।
ढकनी ओर्लो दुखमुजा पर्छन् तबोल्ने भाषामा॥

[८]

कुइरी मंडल झरीकी खाल्डी हेर्दा झैं चुचुरा।
वादलको कालो चादर देउ आखिरकी टाकुरा॥
रेशम झर्ना भवरा पंखी गोल शिरलाई हेरेर।
दुइ कुना खोंचमा गिराउँछिन् पानी नबोली झरेर॥

[ध]

(वजरिस्तानमा पठान सँग गोर्खालीको जंका भेट हुन्छ र गोरे घाइते हुन्छ)

[१]

गोर्खालीको डरले पर, धेरैदिन पठान हरायो।
जस्तो बाघ भरिई आउँदा, बन छोडी भाग्दछ जरायो॥

[२]

एक दुइ फाटफुटे पठान ऊँटलाइ पिलाउथे धारमा।
हथियार बिनुका थाग्ना भनी लाग्थे गोर्खाली तारामा॥
जस्तो शींग बिनाका बच्चा सिंहहरू छुँदेनन् आरामा।
तर तिनको इशारा रै छ, पहाडमा लुकेका सारामा॥
जस्तो व्याँसो छरिई चेवा पुच्छर लुकाइ गर्दछ आहारामा !

[३]

घुम्दै गए नेपाली रमन, पहाड र बनको किनारा ।
जस्तो हिंड्छन् जंगलमा बाघ डर बिना आफ्ना नै साहारा ।

[४]

मिर्मिरेले छोपेको वन, पठान रैछ वैरन यतार ।
पचीस जवान जंगली जन्तु राती छापा मार्नेका मनसार ॥
जस्तो गर्छन हुँडार जाति नजीकैको गाउँको किनार !

[५]

जंका भेट हुन गो राती अर्ना यता, उताका हुँडार ।
थीरै देखी 'घर हात' भन्यो नचिनेर विरका जुहार !

[६]

जस्तो आउँदा सलह लश्कर चील हांक्छन् आनद लिएर ।
जस्तै गरी गोर्खाली बिरले हांके पठान् निर्भय भएर ॥

[७]

घेरी ल्याए पठानले सारा तीखा भाला नजीकै पारेर ।
गोरे उफ्र्यो खुकुरी नचाई 'काली माइको' नाउले फारेर ॥

[८]

जस्तो उफ्री चितुवा नाच्छ लामादाह्रे हात्तीको घेरामा ।
दाह्रा देखाई गर्जना गरी
तर्साई मत्ता अजंको ठूलो चीरा पारी चारखुट्टे फेरामा ॥

[९]

मानबिर गुरूङ् लाग्यो है पछि घेरा काट्ने माउको बच्चो झैं ।
मिर्मिरेमा पठानले हेर्‍यो
आँखा तान्दै टाउको उम्रयो गर्धनको सारै नै कच्चो झैं ।

[१०]

गोर्खाली आँखा बाघका जस्ता, पठान सबै छन् रतन्धा ।
तीन उफ्रे गोरेको सिको, पठानको छुटिगो सब फन्दा ॥

[११]

खुकुरी गर्थ्यो झल्याक् र झिलिक् बिजूली झैं अँधेरी बादलमा ।
पठान देख्थे बिजूली हुन्थ्यो रातो वर्षा जीवनको सब जलमा ॥

[१२]

भालाका टुप्पा बन्दथे ठुटा भिलिक्क भै एक छीटो मिलिकमा ।
अँध्लाराबाट छलुवा भूत भैं हान्थे छीटा गोर्खाली झिलिकमा ॥

[१३]

पठान हान्थे रूखलाई काला, गोर्खालीले पठानका गर्धनमा ।
पहाडका जोशीला छोरा चुक्थे कहाँ वीरको मर्दनमा ॥

[१४]

गौरेले ल्यायो बोकेर साथी चढ्यो यौटा रूखको हाँगामा ।
जति आउँथे पठान तल टुक्रा पार्थ्यो छुरा झैं धागामा ॥

[१५]

सात पठान रूखको फेदमा हाँगा हाँगा नाचेर काटेर ।
गोरे बस्यो मानबीरको छेउ मर्दबीरको लडाइँ पाटेर ॥

[१६]

"दाजूभाइ बसे झैं बस्थ्यो मिली हामी नङमासु बनेर ।
कहाँ लाग्यो तिमीलाई घाउ ! ठूलो चोट पर्‌यो कि भनेर ॥
गलि आयो मासु नै मेरो तिम्रो प्राण घुरेको सुनेर ।"

[१७]

घेरै छैन अबलाइ संगी दुइचरी बसे थ्यौं हाँगामा ।
यौटी चरो उडेर जाली, आर्की जाली पहाडी हावामा ॥
घर पुगे भन्दिए सँगी ! पीरतिकी बत्तीलाई सुनाई ।
करता हामी नङमासु थियौं कति छाती खोलेर देखाई !
बिहा तिम्रो हेरूँला भन्दा परदेशमा दुश्मनको मार खाई ।
आँशु दोटा गिराई गयो मानबीर गुरूङ् भनेर ऊनलाई ॥"

[१८]

कुरा गर्दै दुश्मनले हान्यो अवश्यमा लमचोसे भालाले ।
कोखमा लागी गोरे पो लड्यो कहाँ बरा ! कर्मको चालाले ॥

[१९]

दुइ आए गोर्खाली त्याँहा पठानलाइ दुइतिर झंटेर ।
तीन टुक्रा भएर मर्‌यो निठुरी त्यो दुश्मन घोप्टेर ॥

[२०]

उठाइ बोके गोरेलाइ काँध गोरे भन्छ 'सलाइ छाडेर ।
हागानाथि रहेको साथी बोकी लैजाउँ मत्राउँछु लिडेर ।

[२१]

त्यसैवेला दुइजना पठान दुइतिर छुटेर आएर ।
सिंहवीरलाई भालाले मारे बलभद्र घाइते पारेर ॥

[२२]

गोरे उफ्र्यो खुकुरी लिई, यौटा पठान गिडेर वर्लन ।
अर्को पठन कुर्कुच्चा ठोक्यो देखी त्यसको सिंहको गर्जन ॥

[२३]

भाग्दै थियो पठान बीचमा अमरवीरले त्यसलाई छप्काए ।
अब चाए गोर्खाली वीर जुटे जस्ले दुश्मन दप्काए ॥

[२४]

गोरेले हाल्यो मानवीर काँध अमरवीरले बलभद्र उठाये ।
दुइजना मिलेर घुम्दै छाउनीको तरफ ती आए ।

—*—*—

(वजिरिस्तानमा अस्पताल मा गोरेर मानवीर गुरूङ दुइघाइते साथी नेपाल सँझन्छन् गोरे कुंजिनी लाई सँभेर भछन्)

[१]

घाइने थिए सिपाही कोही उत्तर पच्छिम भारतको सीमाना ।
साथो थियो अस्पताल जहाँ, परदेश दुश्ममा विराना ॥

[३.]

कालसँग लडाइँ गर्थे, मिर्ग जस्तो दुश्मनलाइ पछारी ।
आज तिनै घाइते बाग झैं गुफा भित्र लडेका पसारी ॥

[३]

सिंह जस्ता गर्जन्थे जो ती हुंकारले पहरा थर्काई ।
हिमालको पहाडी बच्चा ! आज तिनलाई बालक झैं पर्थ्यो ।
दिनु अरूले हातले फर्काई ॥

[४]

परदेशको बिरानु हावा पहाड बन सम्झन्थे झल्झल ।
नेपालका दुधालु झर्ना हिमालका चुचुरा झलल ॥

[५]

नीला नरम औंठी झैं डाडा, नेपाल खाल्डी हरीयो शारीमा ।
बीच बीचमा नागबेली चुनरी फलबुट्टे लहरे पारीमा ॥
नेपाल डाँडा नीरका औंठी बसन्तको बनको बिहामा ।
जंगलको हरीयो शास ढुकुर-कंठी कुर्लनको राहामा ॥
हावा झुल्ने लहरे पींग पन्ना हरा बनेको पीरति ।
दिल दिल जुहारी कुर्लन, अप्सराका उज्याल मूरति ॥
आँखा रुझी छाडेका गला बन रूँदी हँसीया हात परी ।
लामा घाँस चर्चर काटी हरिन कोसे आँखामा जल भरी ॥
लह लह असारका हातमा रेशम बुट्टा धानका आँकुरा ।
झरझर माथि गाउने बादल तल गुज्दा जुहारी टाकुरा ॥
जौका रेशम पहेंला मुना रंगीचंगी पोशाकमा उठेर ।
दशैं देवी डमरू सँग, तलमाथि डुलेकी उठेर ॥
कम्वर भाँच्ने पहाडी गाना हाँगे हातले हावालाई फाएर ।
मोती दाने पल्लव मसिनो स्वरले चरा जितेर गाएर ॥

[६]

चारकूने टुडिखेल मैदान, हरियोले हिउँदलाई गिज्याउने ।
डबल लहर रूखमा बिजुली, झिलमिल गरी उज्यालो फैलाउने ॥
शिंगारेका घंटाको घर डब्बल भई जलमा परेर ।
दिनका घडी काँस जिब्रे स्वरले, पोखरीमा डूबेर गीत गाउने ॥
मौरी कोठे लहरे इस्कुल, पानीदरबार बनेर जलमा ।
परी शहरहरूका घर झैं नबुझिने स्वरमा गीत गाउने ॥
हात्तीमाथि कसेको हौदा कल्की लाई शहर घुमेर ।
इयालालाई शिंगारी भारी इन्द्रजात्रा देवलमा रँगरँग ॥
पहाडका फुलपरी फुलाउने ।
मदिसेको लगाई ताँति शिवरात्री आकाशलाई थर्काउने ।
पहाड पहाड बोलाई सारा गुफा गुफा पहरा गर्जाउने ॥
जात्रा रामो टुडिखेल बीच घोडा चढी कुदेको कटट ।
जित-हारको लहरे सनसन लाल आँखा आवाजको घन्घन ॥
बाइपंखे फिंजमुखे घोडा धर्ती थर्काइ कुलेलं पटट ।
टागन, अरबी, बैला र टट्टू बारलाई कस्तो बाँधेको फटट ॥
कुस्ती खेल्ने भीमसेनसँग गटिल मटिल सिंह झैं घनघोर ।
फटके नाघ्ने बलिया शंड फाउर शिकार, कुदेको कमजोर ॥
घूँ घूँ भूँ भूँ बिगुलको बाजा ढोलकहरू बजेका ढर्ढम्म ।
घोडा चढी कुदेको जात्रा, महाकालका देवल थान सम्म ॥

[७]

फूलपाती लहरे बढाइँ चारकूने बन्दूकको लाम वाला ।
दशैं देवी समरकी काली लाल जिब्रे गर्जे झैं मेघवाला ॥

मुस्ले धुँवा घुँमा उडी फनफन काला केश झैं भुइँसम्म झारेर ।
आखाबाट तोप गोले ज्वाला विजूली झैं झिलिक्क पारेर ॥
पहाडका जरालाई थरथर, घर घर थर्काई घनन ।
गौरी शंकर चुचुरा सम्म शिवजीलाइ आतस दी भनन ॥
गुलाफ मुखे झर्नालु डाडा जहान जहान घरर थर्काई ।
पश्चिम बोल्दा पूर्बलाइ गर्जाई, अजङ् हिमाल संसार नै थार्काई ।
प्याला उनको मदिरा प्याला झल झल काँप्दी रानोको पोखरी ।
टोटा बन्दूकहरूको पाउजेब हात भरी जङ् जङ्गो खुकुरी ।
दुश्मनलाई तर्साउने गर्जन, दँका जाने पृथिवी छातीमा ।
बूढा हाम्रा नीलकण्ठ आई थाम्नु पर्ने सुतेर दिनभरी ॥

[८]

हाँसो लाग्दो रमाइलो जात्रा गाइजात्रा ठट्ठोलो शहरको ।
सकै जूँघे कत्तान कालो जात्राहरू सबैको रहरको ।
नक्कलको सिपालु प्रतिभा बत्तीसदन्त कौडीझैं हसाउने ।
नाचगानहरूको राजा, रमाइलो दिन देशमा घुमाउने ।
जसको गला खुर्सानी माला, जसको शिरमा टोपको शिंगार ।
बर्ष दिनको हाँसोको मालिक, खोजी हिड्ने घुत्रासो, अंगार ।

[९]

छङ् छङ् छाँगे छहरे डाडा छिरबिर पँखी बादलका बनचरा ।
ढुङ्गालाइ तरँग पार्ने सिलमिल झिलमिल लहरका लहरा ॥
खरछाने जूनेली घर ढुङ्गामाथि गोबरले लिपेका ।
दुभो चउर चौतारा मनि, कम्मर भाँची नाचेर उफ्रेका ॥

न्याना न्याना भुवाल्ु जन्तु, बादल भुवा घामले न्याना भैं ।
पाठालाइ च्यापेका राम्रा परीहरू पहाडका गाना झैं ॥
कराली र भिराली बारी, केराधारी फलफुलका बगैंचा ।
फापर फुलफा शिंगार बारी कर्क चउर जलतीरका गलैंचा ॥
शीतल स्वर्ग बनको सुन्दर बन सुपारी टिपेर खाएका ।
सहनका सज्जन गोरू कहा जमीन कोर्नलाइ लाएका ॥
बिहानी नै पखमा हागा झ्यालनेर छानेर बसेकी ।
सपनाकी देशकी धोबिनी, स्वर्ग झलभ्फलबाट भैं खसेकी ॥
मीठो नरम ढुक्कुरे बैंश हरियोमा फुलेर गाएको ।
जुहारीका रसीला दिन आम्फा परी जितेर पाएको ॥
संभ्फी सारा घर र बन पहाडका रमाइला मिठासा ।
कुराकानी गरेर बस्थे आँखा आँखा रसाई उदास ॥
परदेशको बिरानु हावा पहाड बन सन्भन्थे झल्झल ।
घर हुन्छ परको स्वर्ग आँखा आँखा संझना भरिई,
मुटु सर्सर भरेर टलपल ॥

[१०]

मानबीर गुरुङ् पलाउँदै आयो गोरे राहुत वैलाउँदै गएर ।
बलभद्र सिलटिमुर खाए अमर वीरको गलामा रोएर ॥

[११]

भाला थियो गडेको गहिरो दुश्मनको गोरेको कोखामा ।
कठैबरी ! लमचोसे भाला पठान आत्मा नरक जाला !
पारिस् हरे ! प्रेमीलाई धोकामा ॥

[१२]

घाइते भई सिंहको बच्चो सिंह गर्जन गरेर उफ्रेर,
पठानलाइ गिडेर टुक्रा मानबीरलाइ आएथ्यो बोकेर।
तर आज मानबीर छ ताजा गोरे कठे ! खस्किदो हाला छ,
सबै भाला मध्येको तीखो विरहले संझेको भाला छ ॥

[१३]

झल्फल देख्छ कोलपूको रंग गुलाफ झाँगे तीरमा फुलेको ।
झल्झल् देख्छ पहाडी जून, अमृत जस्तो मुस्केर मीठो
स्वर्गलाइ उघारी खुलेको !

[१४]

देख्छ आज सपना गोरे कुंजिनीलाइ घाटमा लगेको।
आखिरीको त्रिशूली घाट आखिरको लमकोसे आँखा
वैलिएको फूलको मुहार माथि केही नबोली बगेको ॥

[१५]

घोप्तो परी उ रून लाग्दा गोरे विउँझ्य झल्यास्स भएर।
सपना मै सगसगै मरी पहाडको लहरे घरमा ।
शीतल बास्नाहरूको घरमा, किन बस्न गइन भनी ॥
आँखा भरी गरेर रोएर ॥

[१६]

मानवीर गुरूङ्ग "नरोऊ" भन्छ, "कठै वरी! कलिपने पँखेरू।
आँखा लगाइ रसीलो रातो, कपाललाइ हातले मुसारी।
कठै वरी ! परदेशी पंख पंखमनि सर बिझी झरेको !

मुट्ु कस्तो टन्कदो होला ! कठै पीर्ति गाठो झैं परेको ।
"नरो मेरो नविर्सी शकनु संगी निठुर दशाले छेडे को ।"

[१७]

"देउ मलाइ एक घुट्को पानी देउ मलाई पशुपति पर्साद ।
तुना साना फुकाइ देउ आँखा मेरो हेरेर लेउ याद ।
रात निकै अगाडि बढ्यो आज कोई अंधेरी परवेटा ।
आज मलाइ बोलाउने सपना ! दुरून छोड्यो घाउको सब याद ।
खाली छाती जले झैं प्राण, खालि यौटा परवेरू तयार ।
धेरै छैन शासको घाडी, देखें आज पीर्ति को मुहार !"

[१८]

आलि केही तङ्गुन संगी, अलि केही बल गरी चढन ।
पहाडमा नफर्की त्यसै परदेशमा मर्दिन भनन ।
पशुपतिलाइ संझन संगी ! जिउनु यौटा भुंग्रो र भूठोहो ।
लडाइँका बहादुर संगी ! एकवाजी काललाइ हुँक्का ।
दिइ गर्माऊ न त्यसै खस्कन । हाम्रा आँखा हेरेर संगी ॥
हाम्रा छाती घुक्न तयार ! त्यसै खस्की सेलाउन्न भनन ।
काल भैरव वत्तिता संझ, काललाई पन्साइ देऊ न ।
पीरतिको मुट्को गाठो चुंडिएको संझत जीवन ॥"

[१९]

गोरे भन्छ पिलिपले आँखा, गोर भन्छ पिलिपले नजर ।
"जरा मेरो उखेली शकें बल गरी आघिको पहर ॥

अब छैन नशाका आगो, अब छैन मुटुला घट्कन ।
अब शास सेलाइ जाला रात मूर्छा बनेर बगर ॥
तुना अब फुकाई देऊ संगी हेर मेरा पानीका नजर ॥

[२०]

ताकियालाई नरम पारी कोशलाई हलुका मुसारी ।
घुँक घुँक रोकेर मानबीर आँशु पुच्छ वर्धर फर्की ।
निराशको देखेर बिमारी ॥

[२१]

"भूल गर्छन यमले संगी ! आधि बाटो गएर फर्कन्छन् ।
तरतो निट्ठुर ईश्वर होला !! त्यसो भए यी तारा घर्कन्छन् ॥

[२२]

गोरे भन्छ कमजोर स्वरले निदाउँन तयार बालक झैं ।
"पुनसको करमको गति पहाडका छाती ता चर्कन्छन् ॥

[२३]

जानु पर्ने पौवाली जीबन घुम्नु पर्ने हावाको लहर ।
हामी हिंड्छौ बिनौला गर्दै, परदेशी यात्रामा फिर्दै ,
बगैंचामा फुलेका बैंश छाती भरी आँशुका लुर्कनछन् ॥"

[२४]

"हामी तिमीलाई सम्झूँला संगी, आँखा हाम्रा जलले रसाई !
केही कुरा भन्नु छ भने, सुंपदेऊ पछिलाइ मलाई ।"

[२५]

गोरे भन्छ अडेर बीच, धारा जलको शुकेर झरे झैं ।
मूर्दा रातमा पात चाल्ने हावा सेलाएर मधुरो भरे झैं ॥
"घर मेरो कोल्पमा संगी ! एक टुक्रा केश काटी राखेर ।
'मेरो चीनो बगाइदेऊ' भन्नु कुंजिनीलाई एकान्त डाकेर ॥"
'सिंह सरि गर्जेर उफ्री दश दुश्मन हातले गिडेर ।
आखिर घाउ लागेको कोखी मनको पुग्न नपाइ धोको ॥
गयो तिमी सपना देखी स्वर्ग तिर आँशुले आँशुले हेरेर ।'

[२६]

गोरे भन्छ नरोक्न सक्दा एक घुंक्त्वा लिएर उसलाई
"सबै कुरा सुनाउँला संगी मन ढुक्क पारेर शीतल हौ"
'दक्षिण काली बुझाउँला पूजा तिमी बाँचे' अक्षता यत्ति छोऊ ।

[२७]

"पूजा गर्नु पर्दैन संगी आफैँलाई चढाई जाने छु ।
घरमा थियो कुल्बुले पाठो, मेरी भेटी कुंजिनीलाई ,
सँधै पाली संझन मलाई !"

[२८]

"बूढा बाजे फुलेका सेतै पाउमा मेरो पाउलागि भन्दिनु ।
'सानु बाबु, संझे है भन्दै' चीनो मेरो खुकुरी सुम्पिनु ॥"

[२९]

"सिन्धु कठै सानिमा रुन्थिन्" यत्ति भन्दै के भयो उसलाई ?
यति भन्दै झसंग झस्क्यो वरा ! गोरे खसे झैं सपनामा ।
"कुंजी....कुंजी...." बोलेर गयो झम्प उठी बगेर कूनामा ॥

[३०]

मान बीरले अगाँलो हाल्यो ! संगी संगी भनेर रोएर ।
सबै रोए बीरको आखिर सच्चा कुरा उसले फोएर ॥

बिहाको दिन को घटना ।

[१]

आज सारा बिहा को रिम झिम आज सारा देशैनै रमाइलो ।
बटारन कसार माहिली बुलाकोलाइ हेर्नलाई रमाइलो ॥
हाल सिन्धु सानिमा सेल कट्कट् पारी ताइताप्के घीउको ।
मल शिंभु आलुको अचार, खुर्सानी को शिंगार बीउको ॥
साहिली नानी दन्यौरा हाल सग्ला सग्ला पापेर सलक्क ।
कान्छी नानी कपाल कोर ऐना हेरी तेलले टलक्क ॥
सानी माइज्यू झ्यालमा जाऊ झल्क सारा आँखामा रलक्क।
लाली लिई शरमको फर्क मैना नानी बढेकी हलक्क ॥

[२]

झिल्के दमाइ आँगनमाँ नाची हाउ भाउ लाएर फुक्क बाजा ।
आँखालाई उडिलो पारी गाला फुलाई डेखाउन तमाशा ॥

[३]

ठालुसिंहका दाढीमा आज लगाइ देउन रमाइलो अबीर ।
जन्ती आउने बेला त भयो गर्ने छैनन् आजलाई अबेर ॥

[४]

सिंगारि दिए दुलहीलाइ राम्रो कान्तीपुरी रेशमी शारीमा।
न तिनी रोइन, तिनी हाँसिन्, टोल्हाई हेरिन् ॥
लहरे पारीमा ॥

[५]

चुरी राम्रा लगाइदिए चीसा साँपझैं रेशमी नाडीमा।
तिनले हेरिन् हरीया बाँस आगो बल्ने वेदी का हारीमा।
बाटी दिए नागबेली चुल्ठो ऐना यौटा अगाडि राखेर।
तिनले हेरिन् सबैका मुखमा छाया आँखा आँखाका झोरर ॥
काठकीझैं पुतली भइन् झिलमिले गहमा लाएर।
झारीलाई छोडेर आधा करमकी सुरूङ झैं भाएर ॥
कस्ती राम्रो पहेली भन्थे सुनका पाटा पिटे झैं रोगन।
अरूलाई हरीयो रिमझिम ! उनी देखिथन् पहेंला पात।
मुर्दा रँगको तुषारे जीवन !

[६]

कठैवरा ! कस्तो भो तिनलाई रँग बिरँगे गहना लाएर !
जस्तो होला पुतलीलाई जल्दो बत्ती नजीकै आएर।
पोशाक थियो वैशाको रिमझिम बसन्तको पुतलो शिंगार ॥
तर सबै आगो भै पोल्थ्यो कलेजालाई पारेर अँगार।
रातानीला पहेंला ज्वाला बन्न गए रँगरँग लुगाका।
आफु देखिथन् चिताकी;मुर्दा, ज्वाला गला सम्मन्नै पुगेका।

आँशु आफ्ना बगेको खोला रूँदै रूँदै पहाड पारीमा ।
त्यस खोला किनारा माथि आफ्नै दाह ज्वालाका शारीमा ॥

[७]

गोरेलाई संम्झिने गाँठो मुट्टु देखि गला तक कसेर ।
बिहा भन्ने डरलाग्दो काल कालो साँप झैं आउँथ्यो डसेर ॥
जसोगरी बर्षाकी देवी झर्न पनि न शकी बरर ।
छाती भित्र बिजूली—साँपले
डशियर अँध्यारी बन्छिन् प्राण छोडी शीताम्मे हरर !

[८]

कठैबरा ! को देख्ने तिम्रो हृदयको कमल रूलाई ?
सोला हानी भन्दथ्यो मुटु
आँशु पिई घुट्ट र घुटु
"बुझ्छ हरे ! को आज मलाई ?"

[९]

पृथ्वीभित्र घुसेकी झर्ना पहाडका आँशुमा जन्मेर ।
अँधेरीमी रोएर हिंड्थ्यौ भित्रैभित्र न शुन्ने गरेर ॥
निशास्सेकी हे दुःखी जल ! कसले देख्ने त्यो दुख गभीर ?

[१०]

नबी कबि गिज्याउने संसार चारैतिर हाँसेर हिंड्दोछ ।
समयले जीबनका आशा निमेषका तरवारले गिंड्दोछ ॥
सच्चा दिलको दुश्मनी गर्ने, अमर भावका सँधैको बैरले ।
रित्तो रँगको संसारमा आज नटेकूँभैं बन्दछ पयरले ॥

[११]

पोल्य हाम्रा आँशुका आँशु जीवन हाम्रो आँखाको कहानी ।
झर्ना छाँगा माइति कठै ! पुतलीको पँखेटा जवानी ॥
फूलका मुटु नशाका भीतर, आशा हाम्रा काँठामा बूँद पानी ।
कठै ! हामी अर्पेका फूल बिरहले बैलाई झारिने ।
संसारका हावाले हुँन्छन् ! सुगन्ध नै म कहिल्यै मारिने ॥
छातीतल भरेको जल हामीलाई सँधैको शीतल ।
रूनु हाम्रो करमको रेखा न भै भाखा टाकेर जलजल ॥
हामी थोरै दिनका बत्ती आशा गरी बैलाउन जन्माई ।
पृथ्वीमा रोएर कठै ! काल आई लैजान्छ अन्माई ॥

[१२]

संसार हेर ! झूठको अनुहार ! झूठोपनको रित्तोछ झिलमिलि !
यसका मुखमा खोक्राछन् हाँसा मुटु भित्र चिताका झिलिमिलि !
अमर भाव लैजाने पर यसमा आँशु बनेर रूँदा छन् ।
बसन्तमा हेरन यसका मृत्यु जस्ता तुषारा छुँदाछन् !

[१३]

बोले दर्द बन्दथ्यो खोला एक युग संसारै रूलाई ।
पहाड पग्ली बोलाउँदै सागर हिंड्थे जलभै रोएर बहुलाई ॥
तारा झर्थे फूलका उरमा आँखा बन्थे संसारका रसीला ।
तर तिम्रा बिरह जंछन् हिमालचूली उपरका जलझैं ॥
उँचाइमा सफाइ पाई बिहान पर्खी रहे झैं रातमा ।
युग युगलाई गरेर हरिया झर्ना बनी झरेर जानलाई ?

[१४]

तिमीलाई शिंगार्छन् सती परीक्षालाई चुल्ठोले डशाई ।
खरानीले शिंगारी मुख, अमर भावलाई हँस्सीले हँसाई ॥
राता, नीला, पहेंला रङ्ग ज्वाला जस्ता पोशाक लगाई ।
हरीया छन् आजका बाँस बेदी माथि चितालाई जगाई ॥
धिमी हेर्थ्यो नेपाल पारी सिंह जस्तो बीरको मुहार ।
बिशी जल संसार पिउला नग्गे है नेपाल की जुहार ॥

[१]

घंटी बजे फूलका घंटी चाँदी स्वरने ज़लका नाला झैं ।
वैकुण्ठका फूलका घंटी-स्वर लहर चलेर नाला भैं ॥
साँझ ओर्लिन् गजूरी पेडा गुलाफ माथि टेकेर स्वर्गका ।
सुनको ढोका खोलेर पश्छिम वारीति र अप्सरा बर्ग का ॥
बादल फूलका रङ्गीला झुप्पा नेपाल झुकी गर्द थे इशारा ।
पहाडहरू श्रीपेचवाला अमर भावका झल्काँउ थे तुषारा ॥
सूर्यबनी सुनका गोला अस्ताचलमा बसेर बोलाँउ थे ।
त्रिशूली का दक्षिणी लहर सागर तिर जाँउ भनी बोलाउँ थे ।
किन वस्छेस् कुँजिनी हरे ! भनी हाँस्दा मुखले गिज्याँउ थे ॥
पूर्वतिर गुराँसे बादल रूनु पर्लां भनेर सँझाँउथे ।
संसार भन्थ्यो "थकूँ कि निभूँ ?" अमरभाव मा ॥
मर्त्यको कमजोरी ?

त्यसैवेला आकाशले भन्यो, "तारा बन साँझकी सबेरी।"
कता कता झलक्क झल्क्यो गोरेराहुत उज्यालो मूरति।
तिनले देखिन् झलक्क कृष्ण राधा संग भुलेका पीरति ॥
के के मीठो बंशी झैं वज्यो अनकन्टार अन्तर कन्तर भी।
कहिले झिल्के झिलिक तारा,
कहिले फूलफूल भरेर मन्दिर मा।
आफुलाइ बोलाए जस्तो के के मीठो काने र खुशी भई।
अरूलागे दुलहाहेर्न उनी उठिन् साँझकी बहिनी झैं।

[२]

गुलाफ गुलाफ बिछाइदिए अप्सराले साँझका सँगिनी।
शीत जस्ता स्वर्गका दाना शीतल गरी हवामा वालिए ॥
करयाङ् कुरूङ् हरूका भुवा रँगाएर सुनौला रँगमा।
आकाश ले पोशाक ल्यायो पश्चिमको शिखरमा तङ्गिन ॥
लहर लहर घर फिर्नें चरा माला माला फूलरँगी भै आए।
न देखिने मसीना हातले नरमसित उनलाई दौडाए ॥

[३]

शिर देखि पयररुम्म गहना र पोशाक लाएकी।
सबै आँखा छलेर दउरिन्—अमरभावको स्वर्ग धाएको ॥
त्रिशूलीका डीलमा दरबार गुलाफवारी भएको झल्कियो।
गोरेलाइ झलक्क देखिन् फूलथूँगे शरीर मिल्कियो ॥

---

[१]

त्रिशूली माथि खँगारे भीर झिन्टुङ् को पहाडको चोइटामा ।
त्रिकोणापरी झरेको पहाड कहानीले लैजाने चोइटा मा ॥
कोल्पू नदी त्रिशूली साथ भेट गर्ने गहीरो खाडी मा ।
आँप लिची बगैंचा बारी नाङ्गो अग्लो पूर्वको चोइटामा ॥
तीन बाँस अग्लो छ ठाँउ दुबै तरफ जङ्गल झम्म छ ।
स्यसमनि भुँवरो ठूलो फनफन घुमेर जम्द छ ॥
बाघ त्यहाँ चढदैन भन्छन् ठाडै सोझो खँगारे भीर मा ।
माथिबात न हेर्नुतल भन्छन त्यहाँ कशली तीरमा ॥
बशि लाले ताछेको जस्तो घाउ लागे को पहाड छाती छ ।
त्यस भीरको त्यो ठाडो छाती तलतिर गहीरो राती छ ॥

—*—*—

[१]

सिन्धु यसो फर्केर हेर्दा कुँजिनी लाइ झरिमा देखिछन् ।
झट्ट पट्ट उठेर दगुरिन् ताइताप्के तेलको पोखि छन् ॥
पोल्थ्यो किन पयरमा कठै । कुँजिनी को दशा त्यो देखेर ॥
"लौन ! लौन !" चिच्याई दगुरिन् काँढा ठुङ्ग दुबैमा टेकेर ।

[२]

तर आयो आङ्वाङ्ग आवाज बिजूली भैं झिलिक्क गरेर ।
छाती पिठी लडिन् है सिन्धु विरदकी त्रिशूली परेर ॥

[३]

"लौन ! लौन ! कुँजिनी कुदिन् ! कुदिन् मेरी कलेजा कुँजिनी ।
त्रिशूलीमा कलेजा मेरी हाँफालिन्नि ! लौननि कुँजिनी !

गुहार बाबा गुहार गुहार !" आंखा फुस्रालगाइन सिन्धुले ।
आए सारा दगुदैई त्यहा किन चिच्याइ भनेर सिन्धु ले ॥

[४]

यौटा ठियो नजीकको घांसी देख्ने सारा वृत्तान्त शुनायो ।
कोही तल फेदीमा झरें कोही भीरमा बसेर चिच्यायो ॥
डुङ्गा ल्याए मल्लाहा हरूले पौडी खेलने पानीमा हाँफाले ।
सागरमा दुबेकी रतन भेट्न शक्के कुनचाहिनी जो धाले ॥

[५]

ठाट्टूसिङ्ले फपाल लुध्थो बडी बुडी खेलेर धूलामी ।
धीको हलो मखियो थुलो कोही झरे त्रिशूली पुलमा ॥
डुङ्गा ल्याये मल्लाहा हरूले पौडी खेलने पानीमा हाँकाले ।
सागरमा डुबेकी रतन भेट् शक्के कुनचाहिनी जो धाले ॥

———

[१]

जान्ती फर्के आजलाई घर बिग्रीजाला गजूरी रतेली ।
हृदयलाई न बुझे बाबु !
काँसका केश बगाऊ उखेली !

[२]

आज कसार लडेर मर्लान्, खालान् आज बिराला दन्यौरा ।
आज आई छुचुन्डा चाट्लान् दही भरी राखेका कचौरा !
दलमिची गरेको बिहा आज सबै हत्याका हत्यारा !

घर जाओ रोएर सबै ! झूठालाई गरिनन् पत्यार !
उडेर गइन् बिरही चरी बेलफाँसी काराकी छुटकारा !

—❀—❀—

तर रून्छिन् सानिमा सिन्धु—

सिन्धु जसलाई दिलखोली गइथिन् !
"कठै ! मेरी गयौ नि बाबा ! मेरी छोरी कुँजिनी अपारकी !
प्यारी मेरी कलेजा भन्दा जुहार यौटी गयौ नि सँसार की।
कठै ! तिम्रो दुखेको दिल ! कठै तिम्रा जलका लोचन ॥
सँम्की सँझी फुठ्दछ तिम्रो मीठो बोली बचन।
अप्सरा झैं सँसार मा झरी सँधैभरी झरी की झरी म्कैं ॥
दिलकी तछै भोका की भोकै ! गयौ हरे न हाँलाइ सुने झैं।
अब केले कलेजा थामूँ ? अब केले बुझाँउ योमन।
तिम्रो थियौ पहाड की फूलझैं, तिम्रो थियौ रँगीलो जोबन ॥
तिम्रो डाह मबुझ्थै कठै ! जल भरी लमको शे आँखाकी।
तिमीलाई दिएनन् सुख्ख ! पाइ नौनि सँसार मा रहन।
बनकी रानी बनाँउला भन्थे डाँफे गीत आकाशमा गाएर !
पीरतिको वनफूल माला लगाइ दिउँला म भन्थे ल्याएर !
तर हरे ! करमको गीति, सँसार को निठुर भुँवर भी !
कसले शक्यो बचाउन हरे ! परी जस्ती पहाडका शिखरमा।
फार्कि आउन कुँजिनी छोरी ! तिम्लाई जलके चीसो लागेन।
फार्कि आउन कुँजिनि ! मेरो शेते फस्यो तिमीलाइ मागेन।
तिमी आए गलामा गला छाती पोखी रोएर धनन।

कुरा यस्तो बिहाको फोरि गर्ने कल्दी थिरएनौ भनन।
जर तिम्री अप्सरे छाया पृथिवी मा रोएर गयौनि।
हामी भाच टुकुरा जस्ता वन्ती निभी वसेझैं वन्यौनि।
सिन्धुलाई गलामा आई आँशु भलको छुंक्काले समायो।
ओठलाई फर्फर पारी आँखा सलसल बघाली रूलायो।

—❀—❀—

झूठा वाबु रोएर वस्थे खान पीन छाडेर पटक्का।
कलेजाकी टुक्रा झैं छोरी दैव आई चुँडेर चटक्क॥
मूर्ख थिए छोरीका स्नेही बाहिरका धनलाई सुख चसो।
अब बुझे वुठाले सँसार कौशका केशवा भएर सब शून्ने।

—❀—❀—

तर गर्छन् कुँजिनी पारी साँझ शिखर गुलाफ वारी मा॥
जहाँ कुन्दन् सुनका फूल अमर भावका झिलमिल वारी मा।
नेपालकी पहाडको रानी हिमाल दरबार उज्यालो पारेर॥
दिनको एकवार स्वर्गको ढोला उघारेर उज्यालो पारेर॥
तिनी आँउदिन् सपने वाटो पतिव्रता नारी का आँखामा।

—❀—❀—

कोल्पू तीरमा अझै छ रूख, हाँगा जसका फुलझुप्पे वन्दछन्।
त्यहाँ राती देखिछिन् छाँया एक जोडी सवै ले भन्दछन्॥
झिल्टुङ् तिर अझैं यो कथा पीप्पल मनी वसेर भन्दछन्।

❀ समाप्त ❀

सरला प्रेस, बाँसफाटक, बनारस।